# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# बर्दगोरिया गाउँपालिका
# कैलाली




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)


पत्र संख्याः २०७८।७९
च.नं. ४१९

मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
बर्दगोरिया गाउँपालिका, कैलाली ।

**कैफियत सहितको राय**

हामीले **बर्दगोरिया गाउँपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु. २ करोड ५५ लाख ४५ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ८५ लाख २ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. ३१ लाख ७४ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ३८ लाख ६९ हजार रहेको छ ।गत वर्षसम्म रु.७ करोड ११ लाख ७० हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फर्स्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.७ करोड १२ लाख ३५ हजार रहेको छ ।यस गाउँपालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।
२. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, दरबन्दी बाहिरको करार कर्मचारी नियुक्त गरी रकम भुक्तानी गरेको, निर्माण कार्यमा गुणस्तर परीक्षण नगरेको, उपभोक्तामार्फत जटिल संरचना निर्माण गरेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।**गाउँ** कार्यपालिका, **अध्यक्ष** र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

## बर्दगोरिया गाउँपालिका, कैलाली

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६६ | २३ | २५५४५ | ० | ० | ० | ६६ | २३ | २५५४५ | ८५०२ | १३८६९ | ३१७४ | ० | ० | २५५४५ | ० |

## अद्यावधिक बेरुजु स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्योंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ७११७० | ० | २५४८० | ४५६९० | ० | २५५४५ | ७१२३५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : बर्दगोरिया गाउँपालिका, कैलाली , बर्दगोरिया गाउँपालिका , कैलाली

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | Arjun Singh Karki | २०७६-१-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Dilli Prasad Khanal | २०७६-१०-२९ | |
| | | **बेरुजु रकम** | २५,५४५,०२१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ५,७५,४९,४१९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३०,४०,८९,५४० | **चालु खर्च** | २४,५७,२३,२७७ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,७८,४१,१८७ | **पूँजीगत खर्च** | १०,६४,२२,४९५ |
| **राजश्व बाँडफाँट** | ७,४२,९२,९१२ | **वित्तीय/अन्य व्यवस्था** | १६,०४,५१,४४९ |
| **आन्तरिक आय** | १,६७,३१,४२३ | | |
| **अन्य आय** | १२,४२,५४,२७४ | | |
| **कुल आय** | ५५,७२,०९,३३६ | **कुल खर्च** | ५१,२५,९७,२२१ |
| **बाँकी मौज्दात** | | १०,२१,६१,५३४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न बर्दगोरिया गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारीता, सह अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । बर्दगोरिया गाउँपालिका अन्तर्गत ६ वडा रहेको ३४ सभा सदस्य ७७.२६ व.कि.मी. क्षेत्रफल, ३२६८३ जनसंख्या रहेको छ । यो गाउँपालिका सुदुरपश्चिम प्रदेशमा अवस्थित छ । | |
| २ | | | **छलफल**<br>लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७८।१२।१३ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असूल**<br>एन आई सी एसिया बैङ्क लि., बौनिया शाखाको मिति २०७८।१२।१७ बाट आन्तरिक राजश्व खातामा बिभिन्न ५ जना पदाधिकारीको जोखिम भत्ता, अनुगमन भत्ता र बैठक भत्ता समेतको रकम असूली दाखिला रु. ८५,२२५ लेखापरीक्षणको क्रममा असूल भएको छ । | |
| ४ | | | **आन्तरिक आयतर्फ** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.१ | | | आर्थिक कार्यविधि एवं वित्तिय उतरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २५ ले राजश्वको अभिलेख अद्यावधिक गरी सो को विवरण राख्ने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ । आ.व. २०७७।०७८ मा पालिकाले ६ वटा वडाहरु तथा पालिका समेतबाट बार्षिक विवरण अनुसार रु. १,६७,३१,४२३.८४ आय प्राप्त भएको देखाएकोमा उक्त आन्तरिक राजश्व प्राप्त गर्दा सफ्टवेयरको अनलाइन प्रविधिको प्रयोग गरी पालिका तथा वडा कार्यालयहरुबाट समेत राजश्व सङ्कलन गरेकोमा अनलाइन मार्फत् आय प्राप्त गर्ने एकरुपता भएको रसिद नियन्त्रण खाता कार्यालय प्रमुखको प्रमाणित गराई राख्नु पर्नेमा राखेको पाइएन । साथै रु. १,५०,००,००० राजश्व सङ्कलन गर्ने अनुमान गरेकोमा अनुमान भन्दा ११.५४ प्रतिशतले बढी राजश्व प्राप्त गरेकोले अनुमानलाई यथार्थपरक बनाउनु पर्दछ । | |
| ४.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष ०७७।०७८ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br>(रु.हजारमा)<br>केन्द्रिय अनुदानबाट खर्च: ५७३३०८ ; आन्तरिक आय: १६७३१ ; आन्तरिक आय प्रतिशत: २.८४<br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.८४ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

(रु.हजारमा)

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५७३३०८ | १६७३१ | २.८४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सो को ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जङ्गल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । तर पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सो को मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सो को सङ्कलन र अभिलेख राख्ने कार्य हुनु पर्दछ । तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदायसतर्फ ध्यान दिनु पर्दछ । | |
| ५ | | | **पेश्की**<br>**आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (४) मा नियमानुसार म्याद नाघेको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसारका कर्मचारी, संस्था तथा निर्माण व्यवसायीलाई नियमानुसार दिएको म्याद ननाघेको पेश्की फर्छ्यौट हुन बाँकी देखिएकोले नियममा व्यवस्था भए बमोजिम समयमै फर्छ्यौट गर्नु पर्दछ ।** | |
| ६ | | | **आन्तरिक नियन्त्रण प्रणालीतर्फ** | |
| ६.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्नेमा निम्न विषयहरुमा आन्तरिक नियन्त्रण भएको पाइएन । | |

| क्र.सं. | पेश्की लिनेको नाम | विवरण | प्रयोजन | पेश्की रकम रु. |
|---|---|---|---|---|
| १ | श्याम सुन्दर निर्माण सेवा प्रा.लि. | म्याद ननाघेको | गैर आवासीय भवन निर्माण | ६०५४२२१ |
| २ | सावणे कन्स्ट्रक्सन | म्याद ननाघेको | ५ नं. वडा कार्यालय भवन निर्माण | ४१६२८१ |
| जम्मा | | | | ६४७०५०२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाले राजस्व शाखा तथा वडागत रुपमा राजस्व आम्दानी गर्न प्रयोग भएको रसिदको आम्दानी गरेको सफ्टवेयर मार्फत कार्य प्रणाली अन्तर्गत वितरण भएको आम्दानी रसिदको नियन्त्रण खाता कार्यालय प्रमुखको प्रमाणित गराई राखेको छैन् ।<br>• यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक गरेको छैन् ।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन् ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको छैन् ।<br>• पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको छैन्।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन् ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको छैन् ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार बिभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा सो गरेको छैन् ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा सो गरेको छैन् ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० (१) मा निर्माण व्यवसायीले सम्झौताको म्याद थप गर्न पर्ने भएमा कारण सहित म्याद थपको निवेदनको लागी एक्काईस दिन अगावै निवेदन दिनुपर्नेमा विभिन्न योजनाको म्याद थप गर्न निर्माण व्यवसायीले एक्काइस दिन अगावै निवेदन नदिएको अवस्थामा समेत कार्यालयले योजनाको म्याद थप गर्ने गरेको छ ।<br>• पालिकाले अधुरा आयोजनाको समिक्षा गर्ने र सो को प्रतिवेदन गर्ने कार्य गरेको छैन् ।<br>• पालिकाले मर्मत सम्भार अभिलेख किताब राखेको छैन् ।<br>• पालिकाले इन्धनको लगबुक राखेको पाइएन ।<br>• आम्दानी रसिद नियन्त्रण खाता कार्यालय प्रमुखको प्रमाणित गराएर राखेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.२ | | | सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसँग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषयमा देहाय बमोजिमको अवस्था देखियो ।<br>• पालिका स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो छैन् ।<br>• सूचना प्रविधी पद्वतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन गरेको छैन्।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरेको छैन् र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको छैन् ।<br>• सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था गरेको छैन् । | |
| ६.३ | | | भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणको वातावरणका आधारमा देहाय बमोजमिको अवस्था देखियो ।<br>• पालिकाले म.ले.प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखेको छैन् । भ्रमण अभिलेख नहुँदा भ्रमणमा खर्च भएको रु. २६,२२,१७२ प्रयोजन तथा भ्रमण प्रयोजन पुष्टि हुँदैन् ।<br>• म.ले.प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन पेश गर्ने नगरेकोले भ्रमणको उद्देश्य बमोजिम भ्रमण भएको हो होइन यकिन गर्न सकिएन । | |
| ६.४ | | | पालिकाले बेरुजु लगत तथा विवरणको अद्यविधक गर्ने म . ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालय यसङ्ग सम्बन्धित फारामको अभिलेख राखेको छैन् । म. ले. प. फाराम ८०१ – बेरुजु लगत म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख कार्यालयले बेरुजुको लगत अद्यावधि नगरेकोले बेरुजु फछ्र्यौट सम्बन्धि प्रक्रिया अघि बढेर कार्यान्वयन भएको छैन् । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.५ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (२घ) मा गाँउपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत स्थानीय राजस्वको आधार विस्तार तथा प्रवर्द्धन र राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान गर्ने रहेको छ । सो अनुसार पालिकाले राजस्वको आधार विस्तार तथा प्रवर्द्धनको लागी प्रयास गरी राजस्व संकलनको दायरा फराकिलो गर्दै लगेको पाईएन । साथै गाँउपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले आर्थिक विवरणको असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ, राजस्वको दायरा फराकिलो पर्दै आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | |
| ७ | | | **विद्यालयको अनुगमन नियमन व्यवस्था**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तह सम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङकन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन सम्बन्धि मापदड तय गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य साथै शिक्षण सिकाई कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखएकोलेअनुगमन मापदड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारि रुपमा संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ८ | | | **विद्यालयको शैक्षिक गुणस्तर**<br>पालिका अन्तर्गत संचालित माध्मयमिक तह सम्मको विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य गाँउपालिकाको कार्य क्षेत्रभित्र अन्तर्गत पर्दछ सोही अनुसार पालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्नेमा सो गरेको छैन । अत शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वयन गर्न र सोही अनुसार विद्यालयको अनुगमन मुल्याङकन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **कानून निर्माणको अवस्था**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १० वटा ऐन, ४ वटा नियमावली र २४ कार्यविधि बनाएको छ । गाँउपालिकाले आफ्नो क्षेत्रअधिकारभित्रको राजश्व संकलन, नगर प्रहरी, स्थानिय तथ्याङ्क लगायतका विषयमा स्थानिय कानून तयार गरेको छैन । गाँउपालिकाले संवैधानिक व्यवस्था अनुसार स्थानिय कानून निर्माण गरेर कार्यान्वयन गरी सोहीअनुरुप सेवा प्रवाह गर्नेतर्फ ध्यान पुर्याउनु पर्दछ । | |
| १० | | | **पदाधिकारी सुविधा**<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सूदूरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पदाधिकारीहरुलाई देहाय बमोजिम रु. ६९३७५००.० सुविधा वापत भुक्तानी भएको छ । | |

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष...६ | कार्यपालिका सदस्य १४ | सभाका सदस्य २० | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | २४००० | २४००० | १४४००० | १४४००० | ४८०००० | |
| २ | यातायात खर्च | १२०००० | १०८००० | २४००० | ७२००० | २४०००० | |
| ३ | टेलिफोन,मोबाइल | ७२००० | ६००० | २५२००० | २१६००० | ४८०००० | |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | ६०००० | ५४००० | २८८००० | २१६००० | ४८०००० | |
| ५ | समन्वय तथा सहजीकरण | १०८००० | ८४००० | ४३२००० | ३६००० | ७२०००० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>६</td><td>अतिथि सत्कार</td><td>१२००००</td><td>१०८०००</td><td>५०४०००</td><td>-</td><td>-</td><td></td></tr>
<tr><td>७</td><td>खानेपानी/बिजुली/<br>सरसफाई</td><td>४२०००</td><td>३६०००</td><td>१४४०००</td><td>१४४०००</td><td>२४००००</td><td></td></tr>
<tr><td>८</td><td>चाडपर्व खर्च</td><td>२५०००</td><td>२२५००</td><td>९६०००</td><td>५४०००</td><td>१४००००</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>५७१०००</td><td>४९६५००</td><td>१८८४०००</td><td>१२०६०००</td><td>२७८००००</td><td>६९३७५००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>योजना हस्तान्तरण नभएको<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३) मा उपभोक्ता वा लाभग्राही समुदाय मार्फत निर्माण सम्पन्न योजना निर्माण सम्पन्न भएपश्चात्त आयोजनाको स्वामित्व सोही समितीलाई हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेको, कार्यालयले सो बमोजिम योजना हस्तान्तरण गरेको पाईएन । योजना हस्तान्तरण नहुँदा सोको रेखदेख, मर्मतको जिम्मेवारी समेत कार्यालयमा रही थप व्ययभार थपिन जाने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>गुणस्तर परीक्षण नभएको<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) बमोजिम सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले आपूर्ति गरिएको मालसामान तथा निर्माण कार्यको गुणस्तर परीक्षण गरेको छैन। गुणस्तर परीक्षणबिना स्वीकार भएको निर्माण कार्य तथा आपूर्ति गरिएका मालसामान गुणस्तयुक्त भए नभएको यकिन गर्न सकिएन।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **उपभोक्ताद्वारा हेभी ईक्युपमेन्टको प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँपालिकाबाट सहमति लिएको पाइएन । | |
| १४ | | | **चौमासिक खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायत्व नियमावली, २०७७ को नियम ३५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार अन्तर सरकारी अख्तियारीबाहेक कार्यालयले प्रथम चौमासिकमा कुल रु ४ करोड ४७ लाख ९७ हजार खर्च (१२.७ प्रतिशत), दोश्रो चौमासिकमा रु ९ करोड २७ लाख ७५ हजार खर्च (२६.४ प्रतिशत), तेश्रो चौमासिकमा रु २१ करोड ४५ लाख ७० हजार खर्च (६०.९ प्रतिशत), तथा असार मसान्तमा रु १२ करोड ८४ लाख ९५ हजार (३६.४ प्रतिशत) खर्च भएको छ।चौमासिक खर्चमा एकरुपता नहुँदा बजेट प्रणालिमा प्रतिकुल असर पर्ने, वित्तिय जोखिम रहने तथा वर्षान्तमा हतारमा खर्च भुक्तानी गर्दा वा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासिक तथा आषाढमा ठुलो रकम खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |
| १५ | | | **जिम्मेवारी बढी सारेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ ।तर गाउँपालिकाको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा कुल बैंक मौज्दात रु. ४६८१९९२१.० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ५३१७२२००.० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ६३५२२७९.० बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **कानून र निर्णयबिना रकमान्तर गरि बजेट खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उपशिर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्येबाट विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ। गाउँपालिकाको विनियोजन ऐन, २०७७ मा रकमान्तरको प्रावधान रहेको छैन। यस गाउँपालिकाले बिनियोजिन बजेटमध्ये कुल ३ करोड ५८ लाख ५१ हजार रकमान्तर गरी खर्च गरेकोमा, रकमान्तरको निर्णय पेश भएको छैन भने सोको समर्थन गाउँसभाबाट भएको छैन। गाउँपालिकाले कुल बजेट रु ३७ करोड ८५ लाख ६९ हजार अर्थात् ९.४७ प्रतिशत रकमान्तर गरी खर्च गरेको छ भने गाउँपालिकाको विनियोजन ऐनमा रकमान्तरको व्यवस्था तथा सिमा तोकिएको छैन। गाउँपालिकाको विनियोजन ऐनमा व्यवस्थाबिना एक शिर्षकबाट शत प्रतिशतसम्म रकमान्तर गरी खर्च गरेको उपयुक्त देखिएन। साथै गाउँसभाको निर्णय तथा समर्थनबिना रकमान्तर गरी खर्च गरेको रु ३ करोड ५८ लाख ५१ हजारको सम्बन्धमा रकमान्तरको निर्णय तथा सोको सभाबाट अनुमोदन गराउनुपर्दछ। | |
| १७ | | | **गाउँपालिका प्रोफायल तयार नगरेको**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम प्रोफाइल तयार गरेको छैन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **बैँक हिसाब मिलान**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ सो बमोजिम। मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्दछ।गाउँपालिकाले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान तयार गरी पेश गरेको छैन।विवरण अनुसार श्रेस्ता तथा बैँक मौज्दातमा रु ४५५३९७०२.० को फरक पर्न गएको छ।सो सम्बन्धमा कार्यालयले बैँक हिसाब मिलान गरी पेश गरेको छ। | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०७८ असारमसान्तको बाँकी | बैंकस्टेटमेण्ट अनुसार २०७८ असारमसान्तको बाँकी | फरक |
|---|---|---|---|---|
| १ | सञ्चितकोष | ६५११५८४३ | २४६६७७४३ | ४०४४८१०० |
| २ | चालुखाता | ६१२८६९९ | ७१९२१२३ | १०६३४२४ |
| ३ | पूँजीगतखाता | ११५९२६८५ | १५६२०८६३ | ४०२८१७८ |
| ४ | धरौटीखर्चखाता | ५३३२५०९ | ५३३२५०९ | ० |
| ५ | आन्तरिकराजस्वखाता | ५१२०००५ | ५१२०००५ | ० |
| ६ | प्रकोपव्यकोषखाता | ८३९९२७ | ८३९९२७ | ० |
| 7 | बिबिधखर्चखाता | ७८०२२४२ | ७८०२२४२ | ० |
| | | | | ४५५३९७०२. |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **पदपूर्ति र दरबन्दी**<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। पालिकाले वडा कार्यालय समेत गरी यस वर्ष बिभिन्न तहमा ३१ दरबन्दी स्वीकृत गरी २५ जना स्थायी कर्मचारीको पदपूर्ति गरेको छ । अधिकृत, सब इन्जिनियर तथा सहायक गरी ६ जना कर्मचारीको पदपूर्ति भएको पाइएन । रिक्त दरबन्दीमा पदपूर्ति गरी सेवा प्रभावमा प्रभावकारिता ल्याउनु पर्दछ । | |
| २० | | | **करार कर्मचारी खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा कानून बमोजिम मात्र भर्ना गर्नुपर्नेमा पालिकाले बिभिन्न पदमा ६५ जना कर्मचारीहरु करारमा राखी रु. ८९,२३,००९ खर्च लेखेको छ । यसरी करारमा कर्मचारी राख्दै जानु उचित देखिएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१</td><td></td><td></td><td>
सेवा प्रवाहको स्थिति<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाहमध्ये पञ्जिकरणबाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन । यस वर्ष पालिकाबाट निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ
<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>स्वीकृत घर नक्सा दर्ता पास</td><td>२३</td></tr>
<tr><td></td><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>१</td><td>जन्मदर्ता</td><td>२९३३</td></tr>
<tr><td>२</td><td>मृत्युदर्ता</td><td>२९७</td></tr>
<tr><td>३</td><td>वसाईसराई दर्ता</td><td>६८२</td></tr>
<tr><td>४</td><td>विवाह दर्ता</td><td>६४६</td></tr>
<tr><td>५</td><td>सम्बन्ध विच्छेद दर्ता</td><td>३</td></tr>
<tr><td></td><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>१</td><td>कालोपत्रे सडक निर्माण</td><td>विवरण प्राप्त नभएको ।</td></tr>
<tr><td>२</td><td>कालोपत्रे सडक मर्मत</td><td>विवरण प्राप्त नभएको ।</td></tr>
<tr><td>३</td><td>ग्राभेल सडक निर्माण</td><td>विवरण प्राप्त नभएको ।</td></tr>
<tr><td>४</td><td>ग्राभेल सडक मर्मत</td><td>विवरण प्राप्त नभएको ।</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | | |
| २२ | | | **कोष तथा सम्पत्ति व्यवस्थापनतर्फ** | |
| २२.१ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०६ (१) तथा १११ (१,२,३,४,५, ६ र ७) बमोजिम कार्यालयले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार प्रयोगमा नरहेको, मर्मत तथा लिलाम गर्नुपर्ने बिभिन्न मालसामान तथा सामाग्रीहरुलाई १ महिनाभित्र लिलाम प्रकृया शुरु गर्नुपर्ने तथा मिनाहा दिनुपर्ने बिभिन्न सामाग्रीहरुलाई समिति बनाई मिनाहा दिनु पर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको जिन्सी प्रतिवेदन अनुसार प्रयोगमा नरहेका २५ किसिमका ११९ वटा सामान मर्मत गरेमा सञ्चालनमा ल्याउन सकिने, १२ किसिमका ४६ सामाग्रीहरु जस्तै साइकल, ल्यापटप, कम्प्युटर लगायतका सामाग्रीहरु मर्मत हुन नसक्ने भई लिलाम गर्नुपर्ने भनि सिफारिस गरेको छ । प्रतिवेदनमा उल्लिखित सिफारिस बमोजिम अन्य प्रकृया अपनाई मालसामान तथा सामाग्रीहरुको मर्मत र लिलाम गरेको पाइएन । उल्लिखित सामानहरुलाई कार्यालयले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत तथा लिलाम गरी कार्यालयको जिन्सी अद्यावधिक गर्नु पर्दछ । | |
| २२.२ | | | आर्थिक कार्यविधि एवं वित्तिय उतरदायित्व ऐन,२०७६ को परिच्छेद ४ को दफा २६ (१) ले कोषको अभिलेख अद्यावधिक गरी सो को विवरण राख्ने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ । पालिका अन्तर्गतका रहेका प्रकोप व्यवस्थापन कोष, विविध कोष र संचित कोष गरी ३ वटा कोषहरुको विवरण अद्यावधिक छ । विविध कोषतर्फ आय प्राप्तिको उपयोग सन्तोषजनक छैन् । | |
| २२.३ | | | स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको अनुगमन गरेको छैन् । संरक्षण उपयोग नीति र मापदण्ड तयार भएको छैन् । पालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको रेखदेख, मर्मत सम्भार एवं संरक्षण गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन् । तर पालिकाले यस वर्ष रु. १,८१,००० आर्थिक सहायता वितरण गरेको छ । सहायता वितरण गर्ने कार्यविधि बेगर आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ । | |
| २४ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु. २९,९६,५७० खर्च गरेको छ । औचित्यविहीन खाना तथा विविधतर्फ भएको खर्चलाई नियन्त्रण गर्नु पर्दछ । | |
| २५ | | | **कोभिडतर्फ** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५.१ | | | कोभिड १९ बाट उत्पन्न जटिल परिस्थितिको व्यवस्थापन गर्न गाउँपालिकाले प्रकोप व्यवस्थापन कोष खडा गरी आन्तरिक तथा बाह्य स्रोतबाट स्रोत व्यवस्थापन गरी राहत वितरण, क्वारेन्टिनमा व्यवस्थापन तथा आइसोलेशन व्यवस्थापनको कार्य गरेको छ । प्रकोप व्यवस्थापन कोषको आय तथा व्ययको अवस्था निम्न बमोजिम रहेको छ । | |

| **आम्दानीको विवरण** | **रकम रु.** | **खर्चको विवरण** | **रकम रु.** |
|---|---|---|---|
| अल्या | २१३,४०१.१२ | राहत वितरण | ० |
| प्रदेश सञ्चित कोष | ० | क्वारेन्टिन व्यवस्थापन | ० |
| आन्तरिक स्रोतबाट | ४१८५८३१ | आइसोलेशन व्यवस्थापन | २२१२०८१.९२ |
| प्रदेश कोभिड कोषबाट | १०००००० | जनशक्ति परिचालन | ५५०००० |
| संघीय कोभिड कोष | ० | औषधी एवं स्वास्थ्य सामाग्री खरिद | १६१२९६७.१० |
| सङ्घीय सञ्चित कोष | ० | अन्य शीर्षक (क्वारेन्टीन खाना तथा व्यवस्थापन) | २००००० |
| अन्य | ० | मौज्दात | ८२४१८३.१ |
| जम्मा | ५,३९९,२३२.१२ | जम्मा | ५,३९९,२३२.१२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५.२ | | | विपद् जोखिम् न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४ को दफा १७ मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानिय तहमा विपद् व्यवस्थापन कोषमा रहने रकम भुक्तानी गर्ने गरेको देखिन्छ । पालिकामा रहेको उक्त कोषमा गत बर्षको मौज्दात रु. २१३,४०१.१२ तथा यो आ.व.मा रु. ५१,८५,८३१ आम्दानी भई रु. ४५,७५,०४९.०२ खर्च भएकोमा रु. ८२४,१८३.१ बाँकी रहेकोमा औषधी एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरिदमा रु. १६१२९६७.१० को सोझै खरिद तथा अन्य शीर्षकमा भएको रु. २००००० जनाएको खर्च पारदर्शी छैन् । | |
| २५.३ | | | आर्थिक वर्ष २०७७।०७८ मा कोरोना रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि बिभिन्न २२ जना स्वास्थ्यकर्मी, स्वयंसेवक, प्रशासनिक कर्मचारी तथा पदाधिकारी समेतलाई जम्मा रु. २७,०५,१६२ जोखिम भत्ता भुक्तान गरेको छ । पालिकाले कुन पदको कतिको दरले जोखिम भत्ता खर्च लेख्ने भनी यकीन आधार र नर्मस बेगर खर्च गरेको पाइयो । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२५.४</td><td></td><td></td><td>पालिका अन्तर्गत सञ्चालित कोभिड रोकथाम तथा नियन्त्रणका लागि कन्टाक्ट ट्रेसिङ्ग, क्वारेन्टिन तथा आइसोलेशन केन्द्रमा देहाय बमोजिम खर्च भई १ विरामीको संख्यामा रु. २४४८ खर्च भएको छ ।
<table>
<tr><th>क्र. स.</th><th>विवरण</th><th>संख्या</th><th>खर्च रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>इन्भेष्टिगेशन तथा कन्ट्रयाक्ट ट्रेसिङ्ग ( सि आई सि टि)</td><td>३४३ खोज पडताल गरिएकोमा ६५ जना संक्रमित</td><td>३०००००</td><td>६५ जना</td></tr>
<tr><td>२</td><td>क्वारेन्टिन सेन्टर व्यवस्थापन सम्बन्धि विवरण</td><td>४ वटा होल्डिङ्ग सेन्टर भएको १०० बेडमा दैनिक अधिकतम संख्या ३० बसेका आषाढ मसान्तसम्ममा</td><td>३८९००४९</td><td>१७१७ जना</td></tr>
<tr><td>३</td><td>आइसोलेशन व्यवस्थापन सम्बन्धी विवरण</td><td>बर्दगोरिया आइसोलेशन केन्द्रमा २० वटा बेडमा अधिकतम संख्या ५ जना</td><td>३८५०००</td><td>८७</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>४५७५०४९</td><td>१८६९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५.५</td><td></td><td></td><td>पालिकाबाट सञ्चालित बर्दगोरिया आइसोलेशन केन्द्र, खानेपानी भवनको २०७८ आषाढ मसान्तसम्मको विवरण अनुसार बेड संख्या २० वटा रहेकोमा दैनिक रुपमा ५ जना बसेकामा आषाढ मसान्तसम्म ८७ जना बसी जम्मा रु. ३,८५,००० व्यवस्थापन प्रयोजनार्थ खर्च भएको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५.६ | | | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनु पर्दछ । | |
| २६ | | | **विजय कठरियाको घरदेखी ज्ञान बहादुर बोहराको घरसम्म सडक कालोपत्रे गर्ने कार्य**<br>कार्यालयले गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रम अन्तगर्त बिजय कठरियाको घरदेखि ज्ञान बहादुर बोहराको घरसम्म सडक कालोपत्रे गर्ने कार्यको लागी बस्नेत कन्स्ट्रक्सन सँग मिती २०७७/५/१ मा सम्झौता गरेको छ। सम्झौता बमोजिम निर्माण व्यवसायीले रु ४८६३७११.० (मू.अ.कर समेत) मा मिती २०७८/३/१५ मा योजना सम्पन्न गर्नुपर्दछ। सडक कालोपत्रेको सम्बन्धमा निर्माण सामग्रीको गुणस्तर परीक्षण गरिएको छैन।सडकको कालोपत्रे भाग २ से.मि मोटाई मापन गरी रकम भुक्तानी भएकोमा, मोटाई मापनको लागी आवश्यक परीक्षण तथा ल्याब टेस्ट नभएकोले, सडक कालोपत्रे तोकिएको मापदण्ड बमोजिम भएकोमा आस्वस्त हुन सकिएन।योजनामा निर्माण व्यवसायीले ८९० मिटर सडक पिच गर्ने गरी ८४६.२५ घ.मि बेस निर्माणको कार्य गर्ने गरी सम्झौता भएकोमा, निर्माण व्यवसायीले ६१८.६ घ.मि मात्र बेसको कार्य गरेकोले, तोकिएको मापदण्ड बमोजिम सडक गुणस्तरीय भएको मान्न सकिएन। | |
| २७ | | | **बर्दगोरिया झगढपुर हुँदै लम्की जोड्ने सडक कलोपत्रे**<br>कार्यालयले गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रम अन्तगर्त बर्दगोरिया गा पा देखी झगढपुर हुँदै लम्की जोड्ने सडक कालोपत्रे गर्ने कार्यको लागी बस्नेत कन्स्ट्रक्सन सँग मिती २०७७/१/५ मा सम्झौता गरेको छ। सम्झौता बमोजिम निर्माण व्यवसायीले रु ४३९०५०२.० (मू.अ.कर समेत) मा मिती २०७८/४/१२ मा योजना सम्पन्न गर्नुपर्नेमा, निर्माण व्यवसायीले मिती २०७७/८/२६ मा योजना सम्पन्न गरेको छ। कार्यालयले सडक कालोपत्रेको सम्बन्धमा निर्माण सामग्रीको गुणस्तर परीक्षण गरिएको छैन।सडकको कालोपत्रे भाग २ से.मि मोटाई मापन गरी रकम भुक्तानी भएकोमा, मोटाई मापनको लागी आवश्यक परीक्षण तथा ल्याब टेस्ट नभएकोले, सडक कालोपत्रे तोकिएको मापदण्ड बमोजिम भएकोमा आस्वस्त हुन सकिएन।योजनामा निर्माण व्यवसायीसँग ८९० मिटर सडक पिच गर्ने गरी ७३४.२५ घ.मि बेस निर्माणको कार्य गर्ने गरी सम्झौता भएकोमा, निर्माण व्यवसायीले ५०६.६ घ.मि मात्र बेसको कार्य गरेकोले, तोकिएको मापदण्ड बमोजिम सडक गुणस्तरीय भएको मान्न सकिएन। | |
| २८ | | | **१५ शैयाको अस्पताल निर्माण** | |

| क्र.सं. | भौचर नम्बर | भौचर मिति | विवरण | बेरुजु रकम |
|---|---|---|---|---|

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ७ को उपदफा (३) (ख) मा सार्वजनिक निकायले सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको नमूना वोलपत्र सम्वन्धी कागजातमा सामान्यतया सारभूत रुपमा फरक नपर्ने गरी आवश्यकता अनुसार वोलपत्र सम्वन्धी कागजात तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले १५ शैयाको अस्पताल निर्माण कार्यका लागि रु१२०८६३७०५।३८ को लागत अनुमान स्वीकृत गरेको पाईयो । वोलपत्र तयार गरी प्राविधिक प्रस्ताव आव्हानमा निम्नानुसारका योग्यता तथा अनुभव राखेको र प्राविधिक प्रस्ताव पेश गर्ने ९ बोलपत्रदाता मध्ये ८ बोलपत्रदाता अस्वीकृत भएका र ति मध्ये निम्न ७ बोलपत्रदाता निम्नानुसार विशेष अनुभव नभएका कारण प्राविधिक प्रस्तावमा असफल भएको भनी एक मात्र बोलपत्रदाता श्री लुम्विनि थोदुङ शिव खिम्ती जे भी को आर्थिक प्रस्ताव रु १२०५३२८०३।४९ (मु अ कर वाहेक) स्वीकृत भई छनौट भएको पाइयोः

| सि नं | बोलपत्रदाता | विशेष अनुभव | असफलको कारण |
|---|---|---|---|
| १ | KS construction Pvt.ltd | ¨ 2.4.2.(a) construction of at least one RCC frame structure governmental hospital building with electric/plumbing HVAC, data networking & communication.<br>¨ For the above or other contracts executed during the period stipulated in 2.4.2(a) above, a minimum construction experience in govt. works for the following key areas:<br>· Brick works 491.73 m3 (in single Project)<br>· Steel =135.2 ton<br>· RCC M25 works=600.58m3<br>· Formworks=4328 m2<br>· M35 interlock with cobble concrete block in multi color blended having 60 mm thick= 1921.88 m2<br>· Tile = 2980 m2 | M35 concrete interlock block not found |
| २ | Bajraguru/Parera JV | | Construction of similar Govt. hospital building and M35 concrete not attached. |
| ३ | Prakritik/sanidev Jv | | Construction of similar Govt. hospital building, M25 PCC for RCC, M35 concrete and tile quantities not attached. |
| ४ | Rajendra Nirmansewa Pvt. Ltd | | M35 concrete interlock block not found |
| ५ | Buddha Himali Construction Pvt. ltd | | Construction of similar Govt. hospital building, M25 PCC for RCC, M35 concrete and tile quantities not attached. |
| ६ | Bangalamukhi /Nagarjun /TDR JV | | Construction of similar Govt. hospital building, M25 PCC for RCC, M35 concrete and tile quantities not attached. |
| ७ | Danphe /PS JV | | M35 concrete interlock block not found |

सार्वजनिक निकायले बोलपत्र सम्वन्धी कागजातमा यस्तो योग्यता तथा मूल्यांकनका आधारहरु गुणस्तर कायम गर्न आवश्यक आधारहरु तय भएको, प्रतिस्पर्धा सिमित नहुने सुनिश्चित गरिएको, वजारमा प्रतिस्पर्धाको उपस्थिति लेखाजोखा भएको र कानूनले प्रत्याभूत गरेको संरक्षण प्रतिकूल नभएको


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | विषय सुनिश्चित गर्ने गरी पुष्टयाई सहित त्यस्तो प्रत्येक योग्यता तथा मूल्यांकनका आधारका विषयमा लिखित निर्णय गरी राख्नु पर्नेमा सो गरी राखेको पाइएन । तसर्थ माथि उल्लेख गरिएका विशेष निर्माण अनुभव अस्पताल निर्माणमा गुणस्तर कायम गर्न आवश्यक आधार नदेखिएकोले प्रतिस्पर्धा सिमित हुने गरी ठेक्का वन्दोवस्त गरेको देखिन्छ । | |
| २८.२ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधिनमा रही तयार गर्नु पर्ने व्यवस्था छ । लागत अनुमान तयार गर्दा निर्माण कार्य संग असम्वन्धित सामाग्री राख्न पाइदैन । १५ शैयाको अस्पताल निर्माण कार्यको सम्झौतामा ईलेक्ट्रीकल काम अन्तर्गत वि ओ क्यू मा नै ६ थान ल्यापटप रू १०५०००। का दरले ६३००००।(मु अ कर वाहेक) राखी सम्झौता गरेको पाइयो । निर्माण कार्य संग असम्वन्धित सामान वि ओ क्यू मा राखी सम्झौता गरेको नियमसंगत नदेखिएको रु | ६३०,००० |
| २९ | ११ | २०७७-१२-१७ | **बालकन्या आधारभूत विधालयको १२ कोठे पक्की भवन निर्माण**<br><br>निर्माण कार्यमा ठेक्का वीलको भुक्तानी दिदा भुक्तानी रकमवाट कन्टिन्जेन्सीको रकम कटाएर भुक्तानी दिनु पर्नेमा माण्डव्य कन्सट्रक्सन प्रा लि ढकारी अछाम लाई तेश्रो तथा अन्तिम रनिङ विलको रु १६०२३२२। भुक्तानी दिंदा कन्टिन्जेन्सीको रकम रू ४१४३९। समेत भुक्तानी दिएको रकम असुल गर्नु पर्ने रु. | ४१,४३९ |
| ३० | १३ | २०७७-१२-२९ | **वडा नं १ मा जेष्ठ नागरिक भवन निर्माण**<br>निर्माण कार्यमा ठेक्का वीलको भुक्तानी दिदा भुक्तानी रकमवाट कन्टिन्जेन्सीको रकम कटाएर भुक्तानी दिनु पर्नेमा तराइ मधेश समृदी कार्यक्रम अन्तर्गत वडा नं १ मा जेष्ठ नागरिक भवन निर्माणको कलशी निर्माण सेवा वर्दगोरिया १ कैलाली लाई दोश्रो रनिङ विलको रु १०७२९६०। भुक्तानी दिंदा कन्टिन्जेन्सीको रकम रू २७७४९। समेत भुक्तानी दिएको रकम असुल गर्नु पर्ने रु. | २७,७४९ |
| ३१ | | | **मुडा बजारदेखि तल्लापानीसम्मको सडक कालोपत्रे**<br>कार्यालयले गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत मुडा बजारदेखि तल्लापानीसम्मको सडक कालोपत्रे गर्ने कार्यको लागी बस्नेत कन्स्ट्रक्सन सँग मिती २०७७/१२/१७ मा सम्झौता गरेको छ। सम्झौता बमोजिम निर्माण व्यवसायीले रु २७५३५८६.० (मू.अ.कर समेत) मा मिती २०७८/३/१० मा योजना सम्पन्न गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१.१ | १७५ | २०७८-३-२३ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(१) मा निर्माण व्यवसायीले तोकिएको समयमा योजना सम्पन्न हुन नसक्ने भएमा सोको कारण खुलाई योजनाको म्याद समाप्त हुनु एक्काईस दिन अगावै म्याद थपको निवेदन पेश गर्नुपर्दछ भने नियम १२१ मा तोकिएको समयमा योजना सम्पन्न हुन नसकेमा सम्झौता रकमको दश प्रतिशत नबढ्ने गरी प्रति दिन सम्झौताको ०.०५ प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति लगाउनुपर्ने व्यवस्था रहेको छ। योजनाको सम्झौता अनुसार निर्माण व्यवसायीले मिति २०७८/३/१० मा योजना सम्मपन्न गर्नुपर्नेमा निर्माण व्यवसायीले तोकिएको समयमा योजना सम्पन्न गरेको छैन भने म्याद थपको निवेदन समेत पेश गरेको छैन।म्याद थपको निवेदन तथा निर्णय नभएकोले निर्माण व्यवसायीलाई २१ दिन बराबर हुन आउने रु २८३८७.० पूर्वनिर्धारित क्षतिपूर्ति लगाई बाँकी कार्यसम्पन्न गराउनुपर्ने रु | २८,३८७ |
| ३१.२ | | | कार्यालयले शुरु लागत अनुमान तथा निर्माण व्यवसायीसँगको सम्झौता अनुसार २६५ मिटर सडक कालोपत्रे गर्नुपर्नेमा, योजनाको अवधिसमाप्त हुँदाको अवस्थासम्म निर्माण व्यवसायीले १८० मिटर सडकमा वेससम्मको कार्यमात्र सम्पन्न गरेको छ भने सडक कालोपत्रे हुन सकेको छैन। त्यस्तै वाल, ड्रेन निर्माण लागयतको तोकिएको कुल रु १४४०४१३.० को कार्य अधुरै रहेकोले सम्झौता अनुसारको कार्यसम्पन्न गराउनुपर्दछ। | |
| ३२ | | | **रानीकुण्ड खानेपानी योजनामा ईलेक्ट्रो मेकानिकल तथा सिभिल निर्माण**<br>कार्यालयले नेपाल सरकार विशेष अनुदान अन्तगर्त रानीकुण्ड खानेपानी योजनामा ईलेक्ट्रो मेकानिकल तथा सिभिल निर्माणको लागी सावणे कन्स्ट्रक्सनसँग मिती २०७८/१/१४ मा सम्झौता गरेको छ। सम्झौता बमोजिम निर्माण व्यवसायीले रु ५११०१२८.० (मू.अ.कर समेत) मा मिती २०७८/३/१५ मा योजना सम्पन्न गर्नुपर्दछ।कार्यालयले निर्माण व्यवसायीलाई अन्तिम बिलसम्ममा कुल रु ५०२७८८६.० भुक्तानी गरेको छ।<br>:<br>कार्यालयले योजनामा पानी तान्ने पम्प जडान गर्ने कार्यको लागी रु ९००२०४.० भुक्तानी गरेकोमा, सो पम्मबाट पानी निकालिएको तथा सफल रुपमा पानी संचालन हुन् विश्वसताको लागी पम्प टेस्टको व्यवस्था गरेतापनी, सम्झौता अनुसार पम्प टेस्ट नभएकोले, पम्पसेट जडान भई योजनाको उद्वेश्य अनुरुप संचालन भएको कुरामा आश्वस्त हुन सकिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **जगदम्बा भगवती मा वि भवन निर्माण**<br>कार्यालयले गाउँपालिकाको सशर्त कार्यक्रम अन्तगर्त जगदम्बा भगवती मा वि भवन निर्माण कार्यको लागी रश्मी बिल्डर्स सँग मिती २०७६/१०/१९ मा सम्झौता गरेको छ। सम्झौता बमोजिम निर्माण व्यवसायीले रु ९८२३३०५.० (मू.अ.कर समेत) मा मिती २०७८/१/१९ मा योजना सम्पन्न गर्नुपर्दछ। यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन्। | |
| ३३.१ | | | निर्माण व्यवसायीले सम्झौता बमोजिम तोकिएको समयमा योजना सम्पन्न नगरेपश्चात्त कार्यपालिकाले मिती २०७८/३/३ को निर्णयले योजनाको म्याद २०७८ असार मसान्तसम्म थप गरेको भएतापनी, निर्माण व्यवसायीले पटक पटकको ताकेतामा समेत योजना सम्पन्न गरेको छैन।तोकिएको समयमा योजनासम्पन्न नगर्ने ठेकेदारलाई सार्वजनिक खरिद नियमावली बमोजिम आवश्यक कारवाही गरी कालोसूचिमा राख्न सिफारिस गरिनुपर्दछ। | |
| ३३.२ | | | कार्यालयल र निर्माण व्यवसायीबिच मिती २०७६/१०/१९ मा भएको सम्झौता अनुसार निर्माण व्यवसायीले रु ९८२३३०५.० (मू.अ.कर समेत) मा भवनको डि.पि.सि, पिल्लर, वाल,स्ल्याब ढलान समेतको कार्यसम्मपन्न गर्नुपर्दछ।निर्माण व्यवसायीले दोश्रो रनिङ्ग बिलसम्ममा रु ५१८९०३२.० (मू.अ.कर समेत) को कार्यमात्र सम्पन्न गरी भुक्तानी लगेकोमा, सम्झौता बमोजिम संरचना निर्माणको को रु ४६६६६०७.० को कार्य भएको छैन।सम्झौता बमोजिमको कार्यसम्पन्न नहुँदै बजेट अभावको कारण देखाएर योजनाको म्याद थप नगरेकोले, संरचना निर्माण लागत अनुमान तथा सम्झौता बमोजिम भएको छैन। पाईएन।संरचना पुरा नभई निर्माण व्यवसायीको अवधि थप नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउँदै रु ४६६६६०७.० बराबरको को कार्यसम्पन्न गराउनुपर्दछ। | |
| ३४ | | | **वडा नं ५ वडा कार्यालय भवन निर्माण**<br>कार्यालयले गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रम अन्तगर्त वडा नं ५ वडा कार्यालय भवन निर्माण कार्यको लागी रश्मी बिल्डर्ससँग मिती २०७६/१०/२ मा सम्झौता गरेको छ। सम्झौता बमोजिम निर्माण व्यवसायीले रु ५४५८४५४.० (मू.अ.कर बाहेक) मा मिती २०७८/१/२ मा योजना सम्पन्न गर्नुपर्दछ। यस सम्बन्धमा निम्ननानुसारको व्यहोरा देखिएका छन् । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४.१ | | | निर्माण व्यवसायीले सम्झौता बमोजिम तोकिएको समयमा योजना सम्पन्न नगरेपश्चात्त कार्यपालिकाले मिती २०७८/३/३ को निर्णयले योजनाको म्याद २०७८ असार मसान्तसम्म थप गरेको भएतापनी, निर्माण व्यवसायीले पटक पटकको ताकेतामा समेत योजना सम्पन्न गरेको छैन।तोकिएको समयमा योजनासम्पन्न नगर्ने ठेकेदारलाई सार्वजनिक खरिद नियमावली बमोजिम आवश्यक कारवाही गरी कालोसूचिमा राख्न सिफारिस गरिनुपर्दछ। | |
| ३४.२ | | | कार्यालयल र निर्माण व्यवसायीबिच मिती २०७६/१०/२ मा भएको सम्झौता अनुसार निर्माण व्यवसायीले रु ५४५८४५४.० (मू.अ.कर बाहेक) मा भवनको डि.पि.सि, पिल्लर, वाल, स्ल्याब ढलान, ईलेक्ट्रिफिकेसन र स्यानिटेसन समेतको कार्यसम्मपन्न गर्नुपर्दछ।निर्माण व्यवसायीले दोश्रो रनिङ्गबिलसम्ममा रु २१५४०५०.० (मू.अ.कर बाहेक) को कार्यमात्र सम्पन्न गरी भुक्तानी लगेकोमा, सम्झौता बमोजिम ईलेक्ट्रिफिकेसन र स्यानिटेसन को रु ६७२०८९.० को कार्य भएको छैन।सम्झौता बमोजिमको कार्यसम्पन्न नहुँदै बजेट अभावको कारण देखाएर योजनाको म्याद थप नगरेकोले, संरचना पुरा निर्माण भई वडा कार्यालय संचालनमा आएको पाईएन।संरचना पुरा नभई निर्माण व्यवसायीको अवधि थप नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउँदै रु ६७२०८९.० बराबरको ईलेक्ट्रिफिकेसन र स्यानिटेसन को कार्यसम्पन्न गराई वडा कार्यालयको संरचना पुरा गरिनुपर्दछ। | |
| ३५ | १० | २०७७-११-२८ | **खानेपानी ट्याङ्कि निर्माण**<br>कार्यालयले नेपाल सरकार विशेष अनुदान अन्तगर्त खानेपानी ओभरहेड ट्याङ्की वडा नं ३ निर्माणको लागी माण्डब्य कन्सट्रक्सनसँग मिती २०७७/७/१६ मा सम्झौता गरेको छ। सम्झौता बमोजिम निर्माण व्यवसायीले रु ९३१८६६६.० (मू.अ.कर समेत) मा मिती २०७८/२/३० मा योजना सम्पन्न गर्नुपर्दछ।कार्यालयले निर्माण व्यवसायीलाई पेश्की बापत रु १६१५६९२.० उपलब्ध गराएको छ भने प्रथम रनिङ्ग बिलमा रु १०२५४९४.० भुक्तानी गरेको छ।योजना तोकिएको समयमा सम्पन्न नभएपछि कार्यपालिकाको मिती २०७८/६/१४ को निर्णय अनुसार मिती २०७८/१२/२० सम्म योजनाको म्याद थप गरिएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।<br>:<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४(१) बमोजिम एक करोडसम्मको मात्र लागत अनुमान राजपत्राँकित तृतिय श्रेणीको कार्यालय प्रमुखबाट स्वीकृत गर्न मिल्दछ। कार्यालयले योजनाको कुल रु १५००००००.० को लागत अनुमान तयार गरी राजपत्राँकित तृतिय श्रेणी कार्यालय प्रमुखबाट मिती २०७७/४/३२ मा स्वीकृत गराई खरिद प्रक्रिया अघि बढाएको छ। नियमावलीको व्यवस्था बमोजिम तोकिएको सिमाभन्दा बढीको लागत अनुमान स्वीकृत गरी खरिद प्रक्रिया संचालन गर्न मिल्ने देखिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **ढुँगा गिट्टी तथा बालुवाको दिगो संकलनका/उत्खननको लागी प्रारम्भिक वातावरणीय परीक्षण** | |
| ३६.१ | ८४ | २०७७-१२-२४ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२(२) मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयको नर्म्स, परामर्श सेवाको कार्य क्षेत्रगत शर्त र सार्वजनिक निकायले चालू वा अघिल्लो वर्ष सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतलाई आधार लिनुपर्दछ। कार्यालयले बर्दगोरिया गाउँपालिका भएर बग्ने काडाँ, कुईरा, भिजुवा र पथरैया खोलाहरुको बगर क्षेत्रबाट ढुँगा गिट्टी तथा बालुवाको दिगो संकलनका/उत्खननको लागी प्रारम्भिक वातावरणीय परीक्षणको लागी रु १२५०८६०.० लागत अनुमान तयार गरी स्वीकृत गरेकोमा लागत अनुमान तयार गर्दा विभागिय तथा अन्य नर्म्स वा आधार लिएको पाईएन। कार्यालयले तीन फर्मसँग आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरी सबैभन्दा कम रकम कबोल गर्ने LTRC Pvt.Ltd (Local Action for Global Health and environment Training and Research Centre Pvt.Ltd) सँग रु ९९८९२०.० (मू.अ.कर समेत) मा सम्झौता गरेको छ। सम्झौता बमोजिम कार्यालयले प्रारम्भिक वातावरणीय परीक्षणको लागी सो फर्मलाई रु ९२८२००.० भुक्तानी गरेको छ। नियमावलीको व्यवस्था अनुसार नर्म्स र अन्य आधारबिना दर कायम गरी कार्यालयले लागत अनुमान स्वीकृत गरेको नियमसम्मत नदेखिएको रु | ९९८,९२० |
| ३६.२ | ८४ | २०७७-१२-२४ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२(१) मा सार्वजनिक निकायले बिस लाख रुपैँयाभन्दा कम रकमको परामर्श सेवा मौजुदा सूचिमा रहेका परामर्शदाताबाट आर्थिक र प्राविधिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने व्यवस्था रहेको छ।कार्यालयले परामर्श सेवा खरिदको लागी तिन फर्म B&B Engineering Services, LTRC Pvt.Ltd (Local Action for Global Health and environment Training and Research Centre Pvt.Ltd) र Brihaspati Research and Training Centre Pvt.Ltd सँग आर्थिक प्राविधिक प्रस्ताव माग गरेकोमा, सो फर्महरु कार्यालयको मौजुदा सूचिमा दर्ता भएको छैन।सुचिकृत फर्म बाहेकको अन्य फर्मसँग प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्न मिल्ने देखिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | ७८ | २०७७-११-२६ | **पेश्की भुक्तानी हुनु पर्नेमा बजेट खर्च लेखी निर्माण व्यवसायीलाई रकम भुक्तानी**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७(१) मा कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नुपर्दछ। कार्यालयले निर्माण व्यवसायी बस्नेत कन्स्ट्रक्सनलाई ठेक्का नं 7/BRM/2077/78, 8/BRM/2077/78 र 9/BRM/2077/78 को मोबिलाईजेसन पेश्की बापत कुल रु ४५९२२१.० भुक्तानी गर्नुपर्नेमा, कार्यालयले बजेट खर्च जनाई निर्माण व्यवसायीलाई रकम भुक्तानी गरेको छ।साथै निर्माण व्यवसायीलाई भुक्तानी भएको रकम रनिङ्ग बिलमा कट्टा समेत नभएको हुँदा, सो रकम निर्माण व्यवसायीबाट असुल गरिनुपर्ने रु | ४५९,२२१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | ३२ | २०७७-८-३० | **सोझै खरिद**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ ।त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । गाँउपालिकाले यो वर्ष देहाय बमोजिम खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई कोटेशनको माध्यमबाट निम्नानुसार रु. ६३४५०० को सोझै खरिद गरेको देखियो । | ६३४,५०० |

| क्र.सं. | भौ/मिति | कार्यक्रम/प्रयोजन | आपुर्तिकर्ताको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ३२/२०७७-८-३० | ५० प्रतिशत मुल्य अनुदानमा गहुँ पकेट क्षेत्रमा गहुँको विउ वितरण कार्यक्रम | जे एन एग्रोभेट सेन्टरलाई | २४५०००/- |
| २ | २२३/२०७८-३-३ | धान बालि पकेट क्षेत्र विस्तार कार्यक्रम | जे एन एग्रोभेट सेन्टरलाई | २४७०००/- |
| ३ | ३३५/२०७८-३-२४ | ५० प्रतिशत मुल्य अनुदानमा धान बालि पकेट क्षेत्र विस्तार कार्यक्रम | जे एन एग्रोभेट सेन्टरलाई | १४२५००/- |
| **जम्मा** | | | | **६३४५००/-** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | ४१३,७५४ | २०७७-१०-१४ | **समानिकरण अनुदानबाट शिक्षकलाई पारिश्रमिक**<br>अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलध गराउने र उक्त रकम तोकिएको शर्त बमोजम खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले सशर्त अनुदान अन्तर्गत तलब भत्ता भुक्तानी गर्ने गरी स्वीकृत दरबदी भित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक श्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तिय समानीकरण अनुदानबाट १७ वटा विद्यालयका शिक्षकहरुलाई चाँडपर्व खर्च सिहत १३ महिनाको तलब भत्ता बापत रु.९६४८०००.० भुक्तानी गरेको छ । गत विगत वर्षमा विद्यालयले आफ्नो श्रोतबाट व्यवस्थापन गरेको शिक्षकको लागि पालिकाले अनुदान उपलध गरएको रकम नियिमत गर्नुपर्ने रु | ९,६४८,००० |
| ४० | | | **उत्तरमुढा टोलमा डिप बोरिङ्ग निर्माण**<br>उत्तरमुढा टोलमा डिप बोरिङ्ग निर्माण कार्यको लागी कार्यालयले मिती २०७८/१/१० मा उपभोक्ता समितीसँग योजना सम्झौता गरेको छ। योजनाको लागत अनुमान रु १००००००.० स्वीकृत भएकोमा, सोमा उपभोक्ताले लागत सहभागिता रु २००००००.० छ भने कार्यालयले व्यहोर्ने अंश रु ८०००००.० रहेको छ।कार्यालयले उपभोक्तालाई योजनाको कुल रु ७९९०५४.० भुक्तानी गरेको छ। यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन् । | |
| ४०.१ | | | सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ। कार्यालयले उपभोक्ता मार्फत योजना संचालन गर्दा निर्मित संरचना तथा संरचना निर्माणमा प्रयोग भएको तारजालीको गुणस्तर परीक्षण गरेको छैन।नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ।साथै डिप बोरिङ्ग मार्फत पानी निकालेकोमा, सोको लागी Well development Test, Draw down test, Recovery Test र Water Quality Test हरु नगरेकोले, निर्मित संरचना उद्देश्य अनुरुप संचालन भए/नभएको यकिन गर्न सकिएन। | |
| ४०.२ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३क) मा उपभोक्ताले आफुले प्राप्त गरेको काममा कुनै निर्माण व्यवसायीलाई संलग्न गराईएको पाईएमा, कार्यालयले सो सम्झौता रद्द गरी त्यस्तो उपभोक्तालाई कुनै पनि कार्य गर्न नदिने गरी अभिलेख राख्नु पर्दछ र त्यस्तो निर्माण व्यवसायीलाई कालोसूचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्नुपर्दछ।उपभोक्ताले डिप बोरिङ्गको कार्य निर्माण व्यवसायी रामारोशन ड्रिलिङ्ग एण्ड ईलेक्ट्रीकल्स कन्स्ट्रक्सन प्रा.लि मार्फत गराएको र सोको बिजक समेत पेश गरेको छ।निर्माण व्यवसायीमार्फत उपभोक्ताले कार्य गराउँदा, कार्यालयले सम्झौता रद्द नगरी रकम भुक्तानी गरेको मनासिब देखिएन । नियमावलीको व्यवस्था कार्यान्वयन गरिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **आर सि सि सडक ढलान कार्य**<br>महेन्द्र राजमार्ग उत्तर खडक साउँदको घर हुँदै गजेन्द्र बि क को घरपूर्व आर सि सि ढलान कार्यको लागी कार्यालयले मिती २०७७/११/१९ मा उपभोक्ता समितीसँग योजना सम्झौता गरेको छ। योजनाको लागत अनुमान रु ३१३५१२३.० स्वीकृत भएकोमा, सोमा उपभोक्ताले लागत सहभागिता रु ६२७०००.० छ भने कार्यालयले व्यहोर्ने अंश रु २५०८०००.० रहेको छ।कार्यालयले उपभोक्तालाई योजनाको कुल रु २४२९९१७.० भुक्तानी गरेको छ। यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन् । | |
| ४१.१ | ४ | २०७८-३-७ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्ता को कामको प्राविधिक मूल्याङ्कन, विलभपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। योजनाको अन्तिम बिलमा कार्यालयले उपभोक्तालाई ८९२ ब्याग सिमेन्टको लागी रु ८५०.० (मू.अ.कर बाहेक) का दरले रु ७५८२००.० भुक्तानी गरेकोमा, उपभोक्ताले सो बापत रु ५२६१५०.० (मू.अ.कर बाहेक) मात्रको बिजक पेश गरेको छ। सिमेन्ट खरिदको लागी भुक्तानी भएको रकमभन्दा रु २३२०५०.० (मू.अ.कर बाहेक) घटी बिजक पेश गरेकोले, उपभोक्तालाई सिमेन्ट खरिदको लागी रु २३२०५०.० बढी भुक्तानी भएको छ।सिमेन्ट खरिदको लागी बजारमूल्यभन्दा बढी लागत कायम गरी उपभोक्तालाई बढी भुक्तानी भएको मनासिब देखिएन। | |
| ४१.२ | | | सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ। कार्यालयले उपभोक्ता मार्फत योजना संचालन गर्दा निर्मित संरचना तथा संरचना निर्माणमा प्रयोग भएको निर्माण सामग्रीको गुणस्तर परीक्षण गरेको छैन।नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **संत निरंकारी मण्डल नेपाल झगडपुरको सामुदायिक भवन निर्माण**<br>संत निरंकारी मण्डल नेपाल झगडपुरको सामुदायिक भवन निर्माण कार्यको लागी कार्यालयले मिती २०७७/११/१६ मा उपभोक्ता समितीसँग योजना सम्झौता गरेको छ। योजनाको लागत अनुमान रु ४१९२८५७.० स्वीकृत भएकोमा, सोमा उपभोक्ताले लागत सहभागिता रु १०९५५११.० छ भने कार्यालयले व्यहोर्ने अंश रु ३१०५०००.० रहेको छ।कार्यालयले उपभोक्तालाई योजनाको कुल रु २०४१७४०.० भुक्तानी गरेको छ। यस सम्बन्धमा देहायको व्यहोरा देखिएको छन्। | |
| ४२.१ | | | कार्यालयले संत निरंकारी मण्डल नेपाल झगडपुरको सामुदायिक भवन निर्माणको लागी उपभोक्तासँग रु ४१९२८५७.० (मू.अ.कर र लागत साझेदारी समेत) मा सम्झौता गरी रु ३०९९३६०.०(लागत साझेदारी बाहेक) भुक्तानी गरेको छ।योजनाको नापीकिताब अनुसार हालसम्म डि.पि.सि सम्मको मात्र निर्माण कार्य भई योजना फरफारक गरिएको छ भने भवनको बाँकी संरचना निर्माणको स्रोत सुनिश्चित्ता भएको छैन।स्रोतको सुनिश्चतता बिना आधार अपूरो संरचना निर्माण गर्दा लगानी खेर जाने तथा उद्वेश्य अनुरुपको प्रतिफल हाँसिल हुने देखिएन। | |
| ४२.२ | ६ | २०७७-५-९ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा सार्वजनिक निकायले उपभोक्ता समितिलाई सम्झौता लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र रकम भुक्तानी गर्नुपर्दछ। कार्यालयले उपभोक्तालाई कुल कार्यसम्पन्न रु ३७९५९८५.० मा उपभोक्ताको योगदान अंश रु १०९३४९७.० र कन्टिन्जेन्सी रु ९३१५०.० भुक्तानी गर्नुपर्नेमा, कार्यालयले कन्टिन्जेन्सी रु ९३१५०.० नघटाई रु ३०९९३६०.० भुक्तानी गरेकोले, कन्टिन्जेन्सी बापत बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ताबाट असुल गर्नुपर्ने रु | ९३,१५० |
| ४२.३ | ६ | २०७७-५-९ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्ता को कामको प्राविधिक मूल्याङ्कन, विलभपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। योजनाको अन्तिम बिलमा कार्यालयले उपभोक्तालाई ५८९ ब्याग सिमेन्टको लागी रु ८५०.० (मू.अ.कर बाहेक) का दरले रु ५००६५०.० भुक्तानी गरेकोमा, उपभोक्ताले प्रति ब्याग रु ६३०.० को दरले सो बापत रु ३७१०७०.० (मू.अ.कर बाहेक) मात्रको बिजक पेश गरेकोले सिमेन्ट खरिदको लागी उपभोक्तालाई रु १२९५८०.० (मू.अ.कर बाहेक) बढी भुक्तानी भएको छ।सिमेन्ट खरिदको लागी बजारमूल्यभन्दा बढी लागत कायम गरी उपभोक्तालाई बढी भुक्तानी भएको मनासिब देखिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४३ | | | **पुरैनाताल दक्षिण मुक्ति शिविर टोल खानेपानी डिप बोरिङ्ग निर्माण**<br>पुरैनाताल दक्षिण मुक्ति शिविर टोल खानेपानी डिप बोरिङ्ग निर्माण कार्यको लागी कार्यालयले मिती २०७८/१/१० मा उपभोक्ता समितीसँग योजना सम्झौता गरेको छ। योजनाको लागत अनुमान रु १२४८२११.० स्वीकृत भएकोमा, सोमा उपभोक्ताले लागत सहभागिता रु २४९६४२.० छ भने कार्यालयले व्यहोर्ने अंश रु ९९८५६८.० रहेको छ।कार्यालयले उपभोक्तालाई योजनाको कुल रु ९९८८५६.० भुक्तानी गरेको छ। यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन्। | |
| ४३.१ | १९९ | २०७८-३-२५ | कार्यालयले उपभोक्ता समितीलाई डिप बोरिङ्ग निर्माण अन्तर्गत Draw down Test-Aquifies परिक्षण बापत रु २४०००.०, Step draw down परीक्षण बापत रु १००००.०, रिकभरी परीक्षण बापत रु १००००.० र पानीको गुणस्तर परीक्षण बापत रु १००००.० गरी कुल रु ५४०००.० भुक्तानी गरेकोमा, सो परीक्षणको प्रतिवेदनहरुको पेश नभएकोले, सो परीक्षण प्रतिवदनहरु पेश हुनुपर्ने अन्यथा सम्बन्धित उपभोक्ताबाट असुल गर्नुपर्ने रु | ५४,००० |
| ४३.२ | १९९ | २०७८-३-२५ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३क) मा उपभोक्ताले आफुले प्राप्त गरेको काममा कुनै निर्माण व्यवसायीलाई संलग्न गराईएको पाईएमा, कार्यालयले सो सम्झौता रद्द गरी त्यस्तो उपभोक्तालाई कुनै पनि कार्य गर्न नदिने गरी अभिलेख राख्नु पर्दछ र त्यस्तो निर्माण व्यवसायीलाई कालोसूचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्नुपर्दछ।उपभोक्ताले डिप बोरिङ्गको कार्य निर्माण व्यवसायी जय श्री बालाजी निर्माण सेवा प्रा.लि मार्फत गराएको र सो उद्योगको बिजक समेत पेश गरेको छ।निर्माण व्यवसायीमार्फत उपभोक्ताले कार्य गराउँदा, कार्यालयले सम्झौता रद्द नगरी रकम भुक्तानी गरेको मनासिब देखिएन । नियमावलीको व्यवस्था कार्यान्वयन गरिनुपर्दछ। | |
| ४३.३ | | | सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ। कार्यालयले उपभोक्ता मार्फत योजना संचालन गर्दा निर्मित संरचना तथा संरचना निर्माणमा प्रयोग भएको तारजालीको गुणस्तर परीक्षण गरेको छैन।नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ।साथै डिप बोरिङ्ग मार्फत पानी निकालेकोमा, सोको लागी वेल डेभलोपमेन्ट परिक्षण, ड्र डाउन परीक्षण , रिकभरी परीक्षण र पानीको गुणस्तर परीक्षणहरु नगरेकोले, निर्मित संरचना उद्देश्य अनुरुप संचालन भए/नभएको यकिन गर्न सकिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | ८८ | २०७८-२-३० | **कृषि कार्यक्रम**<br>कृषि कार्यक्रम ५० प्रतिशत अनुदानमा जे.एन. एग्रोभेट सेन्टरलाई धानको बिउ वितरण गर्न सप्लायर्सले रु. ४९४,००० को बील पेश गरी रु. २४७,००० भुक्तानी प्राप्त गरेकोमा अधिकतम २५ बोरा र न्युनतम १५ के.जी. गरी ४८ जना कृषक तथा कृषक समूहलाई वितरण गरिएको उक्त कार्यक्रमको कृषक तथा कृषक समूह छनौटको आधार, धानको विउ प्रसारण तथा वितरण गर्दाको सिफारिस, वितरणपछि अनुगमन,कार्यक्रमको प्रभावकारीता तथा नर्मस समेत नभएको उक्त कार्यक्रम पारदर्शी रुपमा सञ्चालन भएको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **अग्रिम कर**<br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न बमोजिम अग्रिम कर कट्टि नगरेकोमा सम्बन्धितबाट रु. २२,६५३ असूल गरी दाखिला गर्नुपर्ने रु. | २२,६५३ |

| क्र.सं. | गो.भौ.नं.र मिति | भुक्तानी पाउनेको नाम | विवरण | असूल गर्नुपर्ने कर रकम रु. |
|---|---|---|---|---|
| १ | १३।०७७।८।१४ | जानकी भेट सेन्टर, कैलाली | रु.१४७४७८ को १.५ प्रतिशतको दरले | २२१२ |
| २ | २५।०७७।८।२५ | जे एन एग्रोभेट सेन्टर | रु.२४५००० को १.५ प्रतिशतको दरले | ३७५० |
| ३ | २७।०७७।८।२८ | मिराज च्याउ एण्ड बिउ उत्पादन केन्द्र | रु.१८१८९० को १.५ प्रतिशतको दरले | २७२८ |
| ४ | २९।०७७।८।३० | मनिष एग्रोभेट | रु.१४५००० को १.५ प्रतिशतको दरले | २१७५ |
| ५ | ४८।०७७।११।९ | साझा एग्रो सेन्टर | रु.२२६००० को १.५ प्रतिशतको दरले | ३३९० |
| ६ | ५०।०७७।११।९ | जे.एन. एग्रोभेट सेन्टर | रु.९७१७५ को १.५ प्रतिशतको दरले | १४५८ |
| ७ | ५३।०७७।११।१३ | जे.एन. एग्रोभेट सेन्टर | रु.११८३७५ को १.५ प्रतिशतको दरले | १७७६ |
| ८ | ५५।०७७।११।१३ | वर्षा एग्रोभेट सेन्टर | रु.९९००० को १.५ प्रतिशतको दरले | १४८५ |
| ९ | ६३।०७७।१२।११ | सरस्वती एग्रो सेन्टर | रु.२४५२५० को १.५ प्रतिशतको दरले | ३६७९ |
| | जम्मा | | | २२६५३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४६</td><td></td><td></td><td>
सोझै खरिद कृषितर्फ<br>
सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ (२) बमोजिम खरीद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने व्यवस्था छ। ऐनको व्यवस्था बिपरीत यस वर्ष पालिकाले प्रतिस्पर्धा बेगर रु. २२,१८,७८० को सोझै खरीद गरेको पाइयो । प्रतिष्पर्धा नगरी सोझै खरिद गर्ने कार्य अनियमित देखिएको रु.
<table>
<tr><th>गो.भौ.नं. मिति</th><th>खरीद गरेको फर्म</th><th>सामानको विवरण</th><th>रकम रु.</th></tr>
<tr><td colspan="4">कृषि चालुतर्फ</td></tr>
<tr><td>२५।०७७।८।२५</td><td>जे एन एग्रोभेट सेन्टर</td><td>गहुँको बिउ खरिद</td><td>४९००००</td></tr>
<tr><td>२७।०७७।८।२८</td><td>मिराज च्याउ एण्ड बिउ उत्पादन</td><td>च्याउ खरिद</td><td>३६३७८०</td></tr>
<tr><td>२९।०७७।८।३०</td><td>मनिष एग्रोभेट</td><td>प्याजको बिउ</td><td>२९००००</td></tr>
<tr><td>४३।०७७।१०।८</td><td>साझा एग्रो सेन्टर</td><td>प्याउको बिउ</td><td>९००००</td></tr>
<tr><td>६३।०७७।१२।११</td><td>सरस्वती एग्रो सेन्टर</td><td>मकैको बिउँ खरिद</td><td>४९५०००</td></tr>
<tr><td>८८।०७८।२।३०</td><td>जे एन एग्रो भेट सेन्टर</td><td>धानको बिउ खरिद</td><td>४९४०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२२१८७८०</td></tr>
</table>
</td><td>२,२१८,७८०</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>
सोझै खरिद स्वास्थ्य र कोभिडतर्फ<br>
सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ (२) बमोजिम खरीद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने व्यवस्था छ । ऐनको व्यवस्था बिपरीत यस वर्ष पालिकाले प्रतिस्पर्धा बेगर रु. १०,१५,९०१ को सोझै खरीद गरेको पाइयो । प्रतिष्पर्धा नगरी सोझै खरिद गर्ने कार्य नियन्त्रण हुनु पर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| | | | **गो.भौ.नं. मिति** | **खरीद गरेको फर्म** | **सामानको विवरण** | **मू.अ.कर सहितको रकम रु.** | |
| | | | कोभिड चालुतर्फ | | | | |
| | | | २२।०७७।११।१२ | सिटि इन्टरप्राइजेज | भिटिएम मेसिन (भ्याट बाहेक ३०० वटाको २५० को दरले) | ८४७५० | |
| | | | ३९।०७८।२।४ | युनिग्लोब सप्लायर्स | भिटिएम मेसिन (भ्याट बाहेक ३०० वटाको २५० को दरले) | ८४७५० | |
| | | | ४०।०७८।२।४ | सिटि इन्टरप्राइजेज | भिटिएम मेसिन (भ्याट बाहेक ३०० वटाको २५० को दरले) | ८४७५० | |
| | | | ४२।०७८।३।६ | भीमदेवी मेडिसिन सप्लायर्स | अक्सिजन सिलिन्डर सेट (भ्याट बाहेक १ वटाको २०००० को दरले) | २२७०० | |
| | | | ४४।०७८।३।६ | सुविसु मेडिसिन सप्लायर्स | अक्सिजन सिलिन्डर सेट (भ्याट बाहेक ४ वटाको २०००० को दरले) | ९०४०० | |
| | | | ८६।०७८।३।३१ | डि.बी. मेडिसिन सेन्टर | आर.डि.टी.किट (भ्याट बाहेक ८० वटाको ८७५ को दरले) | ७९१०० | |
| | | | ८६।०७८।३।३१ | ड्रग सेन्टर | आर.डि.टी.किट (भ्याट बाहेक ४० वटाको ८७५ को दरले) | ३९५५० | |
| | | | स्वास्थ्य चालुतर्फ | | | | |
| | | | ६२।०७८।३।१६ | सन्देश मेडिसिन सप्लायर्स, धनगढी | औषधी खरिद | ९९५२५ | |


https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६३।०७८।३।१६</td><td>ग्लोबल ड्रग सप्लायर्स, धनगढी</td><td>औषधी खरिद</td><td>९९९२३</td></tr>
<tr><td>६४।०७८।३।१७</td><td>सानभी मेडिसिन सप्लायर्स, धनगढी</td><td>औषधी खरिद</td><td>८९४३३</td></tr>
<tr><td>६७।०७८।३।१७</td><td>एरोमा मेडिको फर्मा, धनगढी</td><td>औषधी खरिद</td><td>३८०७०</td></tr>
<tr><td>८४।०७८।३।२२</td><td>वि. पी. ट्रेड एण्ड सप्लायर्स, धनगढी</td><td>औषधी तथा औषधीजन्य सामानको खरिद</td><td>९९६००</td></tr>
<tr><td>८५।०७८।३।२२</td><td>ग्लोबल फार्मेसी, धनगढी</td><td>औषधी तथा औषधीजन्य सामाग्री खरिद</td><td>९९३५०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१०१५९०१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४८</td><td>३३</td><td>२०७७-९-८</td><td>पालिकातर्फको आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु<br>कृषि चालु, कार्यालय प्रयोजनका साथै अन्य कार्यका लागि सामाग्री खरिद गर्दा कार्यालय प्रमुखबाट खरिद आदेश स्वीकृती बिना नै खरिद गरेकोले नियमित गर्नुपर्ने रु.</td><td>११,७४६</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>सामाजिक सुरक्षातर्फ</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९.१ | | | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ ले लाभग्राहीको अधावद्यिक विवरणका आधारमा सम्बन्धित लाभग्राहीको बैंङ्क खातामा निकासा उपलब्ध गराई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने व्यवस्था अनुसार गाउँपालिकाले प्रथम चौमासिकमा रु. २,८५,१९,९५१, दोस्रो चौमासिकमा रु. २,७६,५९,१३३ र तेस्रो चौमासिकमा रु. २,८२,१६,६०९ समेत गरी जम्मा रु. ८,४३,९५,६९३ निकासा एन.एम.बी.बैंङ्क, लक्ष्मी बैंङ्क, प्रभु बैंङ्क र एन.आई.सी. एसिया बैंङ्क, बौनिया शाखा मार्फत् पठाएकोमा रु. ८,११,१७,९०२ खर्च गरी रु. ३२,७७,७९१ फिर्ता गरेको भौचर सहित लाभग्राहीको खातामा वितरण गरेको भरपाईको विवरण पेश गरेको छ । | |
| ४९.२ | | | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ अनुसूची ७ र ८ अनुसूची ७ मा सामाजिक सुरक्षा विशेष वचत खाता सञ्चालन गर्ने बैंङ्क तथा वित्तिय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्क्रिय (Dormat) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र केन्द्रिय पञ्जिकरण बिभागलाई दिनुपर्ने साथै अनुसूची ८ को बुदाँ नं. १० मा बैंङ्कले निष्क्रिय (Dormat) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र सम्बन्धित स्थानीय तहलाई दिनुपर्ने व्यवस्था छ । एन.एम.बी.बैंङ्क, लक्ष्मी बैंङ्क, प्रभु बैंङ्क, एन.आई.सी.एसिया बैंङ्क बौनिया शाखाले गाउँपालिकाको सामाजिक सुरक्षा वितरण गर्दा निष्क्रिय (Dormat) खाताको विवरण पालिकालाई दिएको पाइएन । यसले गर्दा फिर्ता हुनुपर्ने रकम फिर्ता भए नभएको एकीन गर्ने सकिएन । कार्यविधिमा भएको व्यवस्था अनुसार पालिकाले उक्त बैंङ्कसँग निष्क्रिय (Dormat) खाता अद्यावधिक गरी कार्यविधिमा भएको व्यवस्था पालना गर्नु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४९.३</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नामदर्ता, नविकरण,लगत कट्टा तोकिएको मितिभित्र परिचयपत्र अनिवार्य रुपमा नविकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा नगरेकोले बढी खर्च गरेको पाइयो । परीक्षण गरिएका केही भौचरका आधारमा बढी खर्च लेखेको देहाएको रकम असूल गर्नुपर्ने रु.
<table>
<tr><th>क्र. सं.</th><th>नाम</th><th>आई डी</th><th>वडा नं.</th><th>उमेर</th><th>एम आई एस अनुसार मृत्यु मिति</th><th>पञ्चजिका अनुसार मृत्यु मिति</th><th>भुक्तानी भएको रकम</th><th>भुक्तानी हुनुपर्ने रु.</th><th>बढी भुक्तानी असूल हुनुपर्ने रु</th></tr>
<tr><td>१</td><td>भजने सेटी</td><td>२००५०८१६००९८३</td><td>६</td><td>७२</td><td>०७७।७।२६</td><td>०७७।४।१५</td><td>१२०००</td><td>१५००</td><td>१०५००</td></tr>
<tr><td>२</td><td>अनारकलीदेवी डंगौरा</td><td>१९९८१२३१६०८५९-२</td><td>६</td><td>७८</td><td>०७७।६।२५</td><td>०७७।६।२५</td><td>१२०००</td><td>८५००</td><td>३५००</td></tr>
<tr><td>३</td><td>जंजिरुवाड° थारु</td><td>१९९८१२३१६३३०९-२</td><td>६</td><td>७८</td><td>०७७।७।२</td><td>०७७।७।२</td><td>१२०००</td><td>९२००</td><td>२८००</td></tr>
<tr><td>४</td><td>दान सिंहबोहरा</td><td>१९९२१२३११८७४४-२</td><td>६</td><td>८४</td><td>०७७।११।१२</td><td>०७७।११।१२</td><td>१२०००</td><td>१०२००</td><td>१८००</td></tr>
</table>
</td><td>१८,६००</td></tr>
<tr><td>५०</td><td>२३३</td><td>२०७८-३-६</td><td>अनुगमन भत्ता<br>सूदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ को दफा ३ को उपदफा १ सँग समबन्धित अनुसूची१(ख) मा निर्धारण गरेको सुविधाबाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ।कार्यालयको पदाधिकारी तथा कर्मचारीले विभिन्न कार्यक्रमको अनुगमन वापत देहाय बमोजिम अनुगमन भत्ता भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु
<table>
<tr><th>क्र.सं.</th><th>भौ/मिति</th><th>कार्यक्रम/प्रयोजन</th><th>सङ्ख्या</th><th>दर/दिन</th><th>भुक्तानी रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td>३५७,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २३३/२०७८-३-६ | व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा सम्बन्धि दर्ता शिविरको अनुगमन | ८ पदाधिकारी लगायत ७ कर्मचारी | १०००/१,२,३ र ४ दिन | २८०००/- | |
| | | | २ | ५४८/२०७७-११-१९ | गाँउपालिका कृषकहरुलाई स्थानिय जातका कुखुरा वितरण कार्यक्रमको अनुगमन तथा निरीक्षण | ९ पदाधिकारी लगायत १ पत्रकार | १०००/ १ दिन | १००००/- | |
| | | | ३ | १०१६/२०७८-०३-२२ | सामुदायिक मेलमिलाप केन्द्रहरुको अनुगमन र मुल्याङकन | २ पदाधिकारी लगायत ७ कर्मचारी | १०००/१८ दिन | १६२०००/- | |
| | | | ४ | ९७८/२०७८-०३-२० | वडा नं १ योजनाहरुको अनुगमन तथा मुल्याङकन | ५ पदाधिकारी लगायत ५ कर्मचारी | १०००/५ र ९ दिन | ७७०००/- | |
| | | | ५ | १०६६/२०७८-०३-२५ | प्रधान्मन्त्री रोजगार कार्यक्रम वडा नं ६ अनुगमन वापत | ९ पदाधिकारी लगायत ६ कर्मचारी | उल्लेख नभएको | ६००००/- | |
| | | | ६ | २६५/२०७८-०३-१८ | व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा सम्बन्धि कार्यको अनुगमन | २ कर्मचारी | १०००/१० दिन | २००००/- | |
| | | | **जम्मा** | | | | | **३५७०००/-** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **इन्धन खर्च**<br>गाँउपालिकाले विनियोजित बजेट खर्च गर्दा सार्वजनिक श्रोतको अधिकतम उपयोग हुने गरी मितव्ययिता अवलम्बन गरी खरिद कार्य गर्नुपर्दछ । गाँउपालिकाले यस वर्ष इन्धन खर्च वापत कार्यालय प्रयोजनको लागि रु.२०९४११५ ,इन्धन पदाधिकारीको लागि रु.९४५१३१ र अन्य प्रयोजनको लागि रु. ५२४६२ खर्च गरेको छ ।यसरी खर्च लेख्दा गाँउपालिकाले ट्रिपर, डोजर तथा अन्य सवारी साधनले के कति इन्धन खपत गरी सम्पादित कार्यको आधारमा खर्च गरेको आधारमा खर्च गरेको सो एकिन गर्न सकिएन । गाँउपालिकाबाट हुने इन्धन खर्चको प्रयोग र सम्पादित कार्य खुल्ने प्रमाणित कार्य सम्पन्न प्रतिवेदनका साथै प्रयोग गरेको कार्यालयको अभिलेख र लगबुकका आधारमा इन्धन खर्च लिने व्यवस्था गर्नु पर्ने र इन्धन खर्चको कामको आधारमा नमर्स स्वीकृत गरेर आन्तरिक नियन्त्रणको व्यवस्था गरी खर्चको मितव्ययिता कायम हुने गरी इन्धन खर्च गर्नुपर्दछ । | |
| ५२ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवंम सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, बाटो मर्मत, सरसफाई कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ८०४ जनालाई रोजगारी उपलव्ध गराई रु. १६७८९३८२.० खर्च गरेको छ । लक्षित वर्गलाई रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी श्रृजना भएको देखिंदैन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५३</td><td>२३८</td><td>२०७८-३-८</td><td>

**कार्यसम्पन्न प्रतिवेदन र भर्पाई नभएको**

आर्थिक कार्यविध तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा कुनै पनि सार्वजनिक खर्चको लागी कार्याविधि,नीति,नियम,मापदण्डमा रही गर्नुपर्ने व्यवस्था र खर्चको प्रमाण स्वरुप बिल भर्पाई कार्यक्रम सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था उल्लेख गरिएको छ ।कार्यालयले देहाय बमोजिम रु १०३७६१९/- को खर्च लेखेको तर सो कार्यक्रम गरे पश्चात कार्यक्रम सम्पन्न प्रतिवेदन, बिल भर्पाई पेश नभएकोले कार्यक्रमको औचित्य,उदेश्य,उपलब्धि बारे एकिन गर्न सकिएन। सो कार्यक्रम गरेपश्चात कार्यक्रम सम्पन्न प्रतिवेदन,बिल भर्पाई पेश गर्नुपर्ने

<table>
<tr><th>क्र.सं.</th><th>भौ/मिति</th><th>कार्यक्रम/प्रयोजन</th><th>संस्था/पार्टी</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>२३८/२०७८-३-८</td><td>वडा नं ५ को बर्दगोरिया गाँउपालिका बजार तथा घना बस्ती क्षेत्र सरसफाई</td><td>बर्दगोरिया गाँउपालिका बजार तथा घना बस्ती क्षेत्र सरसफाई</td><td>५२६८२३/-</td><td>कार्य सम्पन्न प्रतिवेदननभएको</td></tr>
<tr><td>२</td><td>२२८/२०७८-३-६</td><td>वडा नं ६ को बाँसकोटी नाला सरसफाई तथा ढल निकास</td><td>बाँसकोटी नाला सरसफाई तथा ढल निकास उ.स</td><td>५१०७९६/-</td><td>बैंक भर्पाई नभएको</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१०३७६१९/-</td><td></td></tr>
</table>

</td><td>१,०३७,६१९</td></tr>
<tr><td>५४</td><td>१२३</td><td>२०७७-११-२५</td><td>

**बढी भुक्तानी**

प्रधानमन्त्री रोजागार कार्यक्रम अन्तर्गत आ.व. २०७७/७८ मा वडा नं ६ स्थित सुँगुरखाल फेरु कठरिया गंगारामको घरसम्म बाटो मर्मत योजनामा स्वीकृत लागत अनुमान रु.९४४५५.९० रहेको,कार्य सम्पन्न प्रतिवेदनमा रु.९३३३९.१८ र नापि किताबमा रु ९३३८०.५४ रहेको तर कार्यालयले रु.९६६७९ भुक्तानी गरेकोमा बढी भुक्तानी सम्बन्धितबाट असुल हुनुपर्ने रु

</td><td>३,२९८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५५</td><td></td><td></td><td>धरौटीतर्फ<br>कार्यालयबाट प्राप्त धरौटीको आर्थिक विवरण बमोजिम गत वर्षको मौज्दात रु. २९,६७,६०६, यस वर्षको प्राप्त धरौटी रु. ४४,३२,६५३ मध्ये रु. २०,६७,७५० खर्च भई रु. ५३,३२,५०९ मौज्दात बाँकी रहेको देखिन्छ। धरौटी कारोवारको परीक्षणबाट निम्न व्यहोरा देखिएको रु.
<table>
<tr><th>क्र.सं.</th><th>गो.भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम रु.</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>२२।०७७।९।९</td><td>सरस्वती निर्माण सेवालाई धरौटी फिर्ता।</td><td>२२६२७९</td><td>कर समायोजनपत्र पेश नभएको।</td></tr>
<tr><td>२</td><td>२४।०७७।९।२६</td><td>चौधरी कन्स्ट्रक्सनलाई धरौटी फिर्ता।</td><td>२४६६८</td><td>कर समायोजनपत्र पेश नभएको।</td></tr>
<tr><td>३</td><td>३८।०७७।११।२१</td><td>लोटस फार्मेसीलाई धरौटी फिर्ता।</td><td>२४७५०</td><td>कर चुक्ता प्रमाण पत्र पेश नभएको।</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२७५६९७</td><td></td></tr>
</table></td><td>२७५,६९७</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>आन्तरिक आयतर्फ</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६.१ | | | प्रदेश आर्थिक कार्यबिधि ऐन, २०७४ को दफा २४ (३) बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलीपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुका कार्यालय वा विभागीय प्रमुखले ७ दिनसम्म ढिलो गरेको भए १० प्रतिशत जरिबाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए १० प्रतिशत जरिबाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलति कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्नेछ । कार्यालय अन्तर्गत ६ वटा वडा कार्यालयबाट दैनिक असूल भएको व्यवसाय रजिष्ट्रेशन दस्तुर, मृत्युदर्ता सिफारिस दस्तुर, नाता प्रमाणित अन्य सेवा दिएकोमा सो बापतको आय वडागत रुपमा असूल भएकोमा विवरण देखाएको छ । कार्यालयबाट प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधिभित्र दाखिला गरेको देखिएन । निम्न बमोजिम वडा नं. १ र २ को दाखिला ढिलो भएकोले बाँकी वडाहरुमा पनि ढिलो दाखिला हुन सक्ने सम्भावना देखिएकोले सोतर्फ व्यवस्थापनले छानबीन गरी कानूनमा भएको व्यवस्थालाई पालना गर्नु पर्दछ । | |

| क.सं. | वडा नं. | राजश्व सङ्कलन अवधि | राजश्व रकम रु. | भौ.नं.र दाखिला मिति |
|---|---|---|---|---|
| १ | १ | ०७७ असोज | २११६१२ | १२।०७७।८।२१ |
| २ | २ | ०७७ भाद्र | १०५६८० | १४।०७७।७।६ |
| ३ | २ | ०७७ श्रावण | २५०५८३ | १५।०७७।७।६ |
| ४ | १ | ०७७ मंसिर र पौष | २१७७६० | १६।०७७।१०।१३ |
| ५ | २ | ०७७ असोज देखि चैत्र | १५५७५६८.५० | २०।०७८।१।१५ |
| ६ | १ | ०७७ माघ र फागुन | ३५६११४ | २१।०७७।१२।३१ |
| ७ | १ | ०७७ चैत्र ०७८ बैशाख र जेठ | १०८०३६३.८२ | २६।०७८।३।२९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५६.२</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तिय अधिकार क्षेत्र अन्तर्गत बिभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असूल गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहाय अनुसार निर्माण व्यवसायीबाट रु. ५२ ००,००० र सो को १० प्रतिशतले जरिबाना रु. ५,२०,००० सहित गरी जम्मा रु. ५७ लाख २० हजार असूल गर्न बाँकी रहेको छ ।
<table>
<tr><th>सि.नं.</th><th>ठेकेदारको नाम</th><th>आय ठेक्काको नाम</th><th>सम्झौता रकम</th><th>दाखिला रकम</th><th>असूल गर्न बाँकी रकम १० % जरिबाना सहित</th></tr>
<tr><td>१</td><td>रेखा निर्माण सेवा, कैलाली</td><td>०३।BRM।NCB।०७७।०७८ (ढुङ्गा, गिट्टि र बालुवा उत्खन्न प्रयोजन)</td><td>१५६,००,००० (भ्याट बाहेक)</td><td>१०४,००,००० (भ्याट बाहेक)</td><td>५७,२०,००० (भ्याट बाहेक)</td></tr>
</table>
बर्षान्तसम्म प्राकृतिक श्रोत तथा अन्य आयको बुझाउन बाँकी आय रु. ५७,२०,००० असूल हुनुपर्नेमा कोभिड बन्दाबन्दीको कारण गाउँसभाबाट सो रकम मिन्हा दिने भनी निर्णयार्थ पेश भएको छ । पालिका र निर्माण सेवाबीच जारी भएको कबुलियतको फारम र पट्टाको फारममा सम्झौता रकम मिन्हा गर्ने वा छुट दिने उल्लेख गरेको छैन् । साथै सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा समेत सो व्यवस्था रहेको छैन् । जिल्लाका अन्य पालिकाले बैंक धरौटी समेत जफत गरेर, बाँकी रकम असूल गरेकोमा, ठेकेदारलाई लाभ पुर्‍याउने ध्येयले निर्णय गर्नु उचित देखिएन । असूल हुन बाँकी निज ठेकेदारको कार्य सम्पादन जमानत जफत गरी किस्ता समयमा नबुझाउने ठेकेदारबाट उठ्नुपर्ने राजस्वको उल्लिखित रकम सम्झौता तथा प्रचलित कानून अनुसारको व्याज तथा हर्जना १० प्रतिशत समेत गरी असूल गर्नुपर्ने रु.</td><td>५,७२०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६.३ | | | पालिकाको आन्तरिक आयतर्फ देहायको ठेकेदारसँगभएको सम्झौता अनुसार ठेकेदारले सम्झौता रकमको थप १३ प्रतिशत मू.अ.कर आन्तरिक राजश्व कार्यलयमा जम्मा गर्नुपर्ने उल्लेख छ । तर उक्त रकम हालको मितिसम्म सम्झौता बमोजिम दाखिला नगरेकोले, मू.अ.कर रकम असूल गरी राजस्व दाखिला गर्नुपर्ने रु.<br><table><tr><th>क्र.सं.</th><th>ठेक्का नं.</th><th>ठेकेदारको नाम</th><th>सम्झौता रकम (भ्याट बाहेक)</th><th>मू.अ. कर रकम रु.</th></tr><tr><td>१</td><td>०३।BRM।NCB।०७७।०७८</td><td>रेखा निर्माण सेवा लम्कीचुहा, कैलाली (ढुङ्गा, गिट्टि र बालुवा उत्खन्न प्रयोजन)</td><td>१५६,००,०००</td><td>२०,२८,०००</td></tr></table> | २,०२८,००० |
| ५६.४ | | | **ठे.नं.** ०३।**BRM**।**NCB**।०७७।०७८,सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० (४) मा कार्य सम्पादन जमानतको बैङ्क ग्यारेन्टी माग गरेको रकम अनुसार हुनुपर्ने व्यवस्था छ । कार्यालयले भिजुवा, पथरिया, काँडा र कुहिरा गरी ४ वटा नदीहरुबाट ढुङ्गा, गिट्टि र बालुवा उत्खन्नको लागि रेखा निर्माण सेवा, कैलालीसँग सम्झौता गर्दा बैङ्क जमानत रु. १२४,२८,००६ माग गरेकोमा ठेकेदारले ग्लोबल आई एम ई बैङ्क, लम्कीचुहा शाखाबाट रु. १२०,००,००० को मात्र जमानत पेश गरेकोमा घटी बैंङ्क जमानत रु. ४,२८,००६ पेश भएको देखियो । तसर्थ, नियमावलीमा भएको व्यवस्थालाई पालना गर्नु पर्दछ । | |
| ५६.५ | | | कार्यालय र रेखा निर्माण सेवा, कैलालीबीच भएको सम्झौता तथा ठेक्का शर्त बमोजिम तोकिएको स्थानमा तोकिएको परिमाणमा मात्र उत्खनन गर्नुपर्नेमा सो को अनुगमन भएको छैन, राजमार्ग र पुलको उत्तर दक्षिण ५०० मी. भित्र ढुंगा, गिट्टी,बालुवा,ग्राभेल आदी निकाल्न नपाउने व्यवस्थाको कडा कार्यन्वयनको र अनुगमन भएको छैन, ठेकेदारले पाक्षिक (१५/१५ दिनमा) रुपमा सङ्कलन तथा उत्खननको परिमाणको लिखित जानकारी गाउँ कार्यपालिकाको कार्यलयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेमा सो गरेको छैन, सम्झौता अवधि २०७८ जेठ मसान्तसम्म रहेकोमा सो को मिति पश्चात समेत उत्खनन भए नभएको साथै तोकिएको घन मिटर मात्र सङ्कलन/उत्खनन गर्नुपर्नेमा के कति उत्खनन भएको विवरण कार्यलयमा अद्यावधिक नभएकोले सम्झैता अनुसारको परीमाणमा नदिजन्य पदार्थ उत्खनन भएको यकिन गर्न सक्ने अवस्था देखिदैंन् । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **कृषि कार्यक्रम ५० प्रतिशत अनुदानतर्फ** | |
| ५७.१ | ६३ | २०७७-१२-११ | कृषि कार्यक्रम ५० प्रतिशत अनुदानमा सरस्वती एग्रो सेन्टरलाई राजकुमार मकैको बिउ प्रसारण तथा वितरण गर्न सप्लायर्सले रु. ४९०,५०० को बील पेश गरी रु. २४५,२५० भुक्तानी प्राप्त गरेकोमा अधिकतम ४० के.जी. र न्युनतम ०.५ के.जी. गरी ८१ जना कृषक तथा कृषक समूहलाई वितरण गरिएको उक्त कार्यक्रमको कृषक तथा कृषक समूह छनौटको आधार, मकैको विउ प्रसारण तथा वितरण गर्दाको सिफारिस, वितरणपछि अनुगमन,कार्यक्रमको प्रभावकारीता तथा नर्मस समेत नभएको उक्त कार्यक्रम पारदर्शी छ भने एकिन गर्न सकिदैंन् । | |
| ५७.२ | २५ | २०७७-८-२५ | कृषि कार्यक्रम ५० प्रतिशत अनुदानमा जे. एन. एग्रोभेट सेन्टरलाई गहुँको बिउ (आदित्य तथा विजय जातको) वितरण गर्न सप्लायर्सले रु. ४९०,००० को बील पेश गरी रु. २४५,००० भुक्तानी प्राप्त गरेकोमा अधिकतम ५०० के.जी. र न्युनतम २० के.जी. गरी ६२ जना कृषक तथा कृषक समूहलाई वितरण गरिएको उक्त कार्यक्रमको कृषक तथा कृषक समूह छनौटको आधार, गहुँको विउ वितरण गर्दा सिफारिस, वितरणपछि अनुगमन,कार्यक्रमको प्रभावकारीता तथा नर्मस समेत नभएको उक्त कार्यक्रम पारदर्शी रुपमा सञ्चालन भएको पाइएन । | |
| ५७.३ | २९ | २०७७-८-३० | कृषि कार्यक्रम ५० प्रतिशत अनुदानमा मनिष एग्रोभेटलाई प्याजको बिउ वितरण गर्न सप्लायर्सले रु. २९०,००० को बील पेश गरी रु. १४५,००० भुक्तानी प्राप्त गरेकोमा अधिकतम १५ के.जी. र न्युनतम १ के.जी. गरी २९ जना कृषक तथा कृषक समूहलाई वितरण गरिएको उक्त कार्यक्रमको कृषक तथा कृषक समूह छनौटको आधार, प्याजको विउ वितरण गर्दाको सिफारिस, वितरणपछि अनुगमन, कार्यक्रमको प्रभावकारीता तथा नर्मस समेत नभएको उक्त कार्यक्रम पारदर्शी छ भने एकिन गर्न सकिदैंन् । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५८</td><td></td><td></td><td>
भुक्तानी दिन बाँकीको विवरण<br>
आर्थिक तथा वित्तिय उतरदायित्व नियमावली, २०७७ को नियम ३९ (१३) बमोजिम चालु वर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अवस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आर्थिक वर्ष समाप्त भएको ७ दिन भित्र भुक्तानी बाँकीको विवरण प्रमाणित गरी राख्नु पर्ने व्यवस्था छ । पालिकाले आ.व. २०७६।०७७ को भुक्तानी दिन बाँकी रु. ८,६९,९६२ यस वर्ष भुक्तानी गरेको छ । तसर्थ, नगर कार्यपालिकाको निर्णय सहित कच्चावारी भुक्तानी दिन बाँकीको विवरण प्रमाण सहित पेश गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>भुक्तानी लिनेको नाम</th><th>कार्यक्रम</th><th>रकम रु.</th></tr>
<tr><td>१</td><td>१।०७७।७।१९</td><td>स्वास्थ्य शाखा, जोखिम भत्ता र प्रोत्साहन, २०७७ आषाढ महिनाको</td><td>कोरोना रोकथाम, नियन्त्रण तथा क्वारेन्टिन व्यवस्थापन</td><td>५७९८००</td></tr>
<tr><td>२</td><td>२।०७७।७।१९</td><td>स्वास्थ्य शाखा, हजार्ड भत्ता र प्रोत्साहन, आ.व.०७६।०७७ को</td><td>कोरोना रोकथाम, नियन्त्रण तथा आइसोलेशन व्यवस्थापन</td><td>२७८२६२</td></tr>
<tr><td>३</td><td>३।०७७।७।१९</td><td>राम बहादुर डगौरालाई भत्ता, आ.व. ०७६।०७७ को</td><td>कोरोना रोकथाम, नियन्त्रण तथा क्वारेन्टिन व्यवस्थापन</td><td>११९००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td>८,६९,९६२</td></tr>
</table>
</td><td>८६९,९६२</td></tr>
<tr><td>५९</td><td>७६</td><td>२०७८-३-२८</td><td>
प्रमाण पेश हुनुपर्ने<br>
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ५१ (१) बमोजिम प्रत्येक कारोवारको लेखा राख्दा स्पष्ट विवरण देखिने गरी खर्च सहित लेखा राख्नु पर्ने व्यवस्था छ । पालिका अन्तर्गत स्वास्थ्य शाखाका बिभिन्न कर्मचारीहरुलाई जोखिम भत्ता बापत रु. ३,६०,९०० खर्च लेखेकोमा सम्बन्धित कर्मचारीको खातामा बैङ्क दाखिला भएको भरपाई तथा रकम बुझेको भरपाई पेश भए नभएको यकीन भएको रु.
</td><td>३६०,९००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६०</td><td>६</td><td>२०७७-९-७</td><td>घटी कर कट्टि<br>आय कर ऐन, २०५८ को दफा ८८ बमोजिम कुनै संस्था सेवा दिंदा भ्याटमा दर्ता नभएको तर रु. २०००० को भन्दा बढी कारोवार गर्नेलाई भुक्तानी दिंदा १५ प्रतिशतले स्रोतमा कर कट्टि गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट मोर्निङ्ग वेल नेपाली दैनिकलाई सूचना प्रकाशनको लागि रु. ४०००० भुक्तानी दिएकोमा १५ प्रतिशतको दरले रु. ६००० कर कट्टी गर्नुपर्नेमा १.५ प्रतिशतको दरले रु. ६०० मात्र कट्टी गरेकोले बाँकी नपुग कट्टी गर्नुपर्ने रु. ५४०० असूल गरी दाखिला गर्नुपर्ने रु.</td><td>५,४००</td></tr>
<tr><td>६१</td><td></td><td></td><td>अनुगमन तथा संपरीक्षण<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजू निम्नानुसार रहेको छ ।<br><br>(रु.हजारमा)
<table>
<tr><th>गत वर्षसम्मको बेरुजु (A)</th><th>यो वर्ष सम्परीक्षण गरिएको बेरुजु (B)</th><th>गत वर्षसम्मको बाँकी बेरुजु (C=A-B)</th></tr>
<tr><td>७११७०</td><td>२५४८०</td><td>४५६९०</td></tr>
</table>
यस वर्ष फछ्र्यौट भएको बेरुजुको स्थिति निम्नानुसार रहेको छ । सम्परीक्षण गरिएको बेरुजुको लगत कट्टा गर्नु हुन अनुरोध गरिन्छ ।
<table>
<tr><th rowspan="2">क्र.सं.</th><th rowspan="2">आ.व.</th><th rowspan="2">दफा नं.</th><th rowspan="2">विवरण</th><th colspan="4">फर्छ्यौटको आधार</th><th rowspan="2">सम्परीक्षण रु.</th></tr>
<tr><th>असूली</th><th>प्रमाण</th><th>नियमित</th><th>पेश्की</th></tr>
<tr><td>१</td><td>०७६।०७७</td><td>६९ (सि.नं ६ देखि १४)</td><td>लक्ष्मी बैङ्कको पेश्की बाँकी रकम पे.फ.गर्नुपर्ने ।</td><td></td><td>भरपाई पेश गरेको</td><td></td><td></td><td>४६८२०००</td></tr>
<tr><td>२</td><td>०७६।०७७</td><td>६९ (सि.नं ६ देखि १४)</td><td>प्रभु बैङ्कको पेश्की बाँकी रकम पे.फ. गर्नुपर्ने ।</td><td></td><td>भरपाई पेश गरेको</td><td></td><td></td><td>४४८०४००</td></tr>
<tr><td>३</td><td>०७६।</td><td>६९ (सि.नं</td><td>एन. एम. बी. बैङ्कको</td><td></td><td>भरपाई पेश</td><td></td><td></td><td>७६३९८००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७७ | ६ देखि १४) | पेश्की बाँकी रकम पे.फ. गर्नुपर्ने । | | गरेको | | | | | |
| | | | | ४ | ०७६। ०७७ | ६९ (सि.नं ६ देखि १४) | एन. आई. सी. एसिया बैङ्कको पेश्की बाँकी रकम पे.फ. गर्नुपर्ने । | | भरपाई पेश गरेको | | | ८४५३००० | | |
| | | | | ५ | ०७४। ०७५ | १२ | बर्दगोरिया धार्मिक क्षेत्र विकास संस्थाको पेश्की रकम पे.फ. गर्नुपर्ने । | एन आई सी एसिया, बौनिया शाखा, ०७८। ३।७ मा दाखिला | | | | ११४००० | | |
| | | | | ६ | ०७६। ०७७ | ३४ | अग्रिम आय कर दाखिला गर्नुपर्ने, वर्षा एग्रोभेट सेन्टर | एन आई सी एसिया, बौनिया शाखा, ०७७। ११।९ मा दाखिला | | | | १४२५ | | |
| | | | | ७ | ०७६। ०७७ | ३४ | अग्रिम आय कर दाखिला गर्नुपर्ने, साझा एग्रोभेट सेन्टर | एन आई सी एसिया, बौनिया शाखा, ०७७। ११।११ मा दाखिला | | | | १५०३ | | |
| | | | | ८ | ०७६। ०७७ | ३४ | अग्रिम आय कर दाखिला गर्नुपर्ने, दिपेन्द्र प्रसाद शर्मा | एन आई सी एसिया, बौनिया शाखा, ०७८। ७।१४ मा दाखिला | | | | १८१७८ | | |
| | | | | ९ | ०७६। ०७७ | ३७ | बढी भुक्तानी असूल हुनुपर्ने, श्री मा.वि.कोटातुल्सीपुर भवन निर्माण उ.स. | एन आई सी एसिया, बौनिया शाखा, ०७७। ११।२६ मा दाखिला | | | | ७०४६ | | |
| | | | | १० | ०७६। ०७७ | ३८ | बढी भुक्तानी असूल हुनुपर्ने । बालकन्या आ.वि.भवन निर्माण उ.स. | एन आई सी एसिया, बौनिया शाखा, ०७७। ११।१९ मा दाखिला | | | | १३९५३ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ११ | ०७६। ०७७ | ४१ | सम्झौता भन्दा बढी भुक्तानी असूल हुनुपर्ने। वर्क इन टाइम कन्स्ट्रक्सन प्रा.लि. | एन आई सी एसिया, बौनिया शाखा,०७७। ११।९ मा दाखिला | | | | ८३७५ | | |
| | | | | १२ | ०७६। ०७७ | ३६ र ४५ | सम्झौता भन्दा बढी भुक्तानी असूल हुनुपर्ने। एच पी कन्स्ट्रक्सन | एन आई सी एसिया, बौनिया शाखा, ०७७। १२।३० मा दाखिला | | | | ६०१६२ | | |
| | | | | जम्मा | | | | | | | | २५४७९८४२ | | |
| ६२ | | | अधावधिक बेरुजु | | | | | | | | | | | |

अधावधिक बेरुजु

यस गाँउपालिकाको २०७७।०७८ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजूको स्थिति देहाय अनुसार रहेको छ ।

(रु. हजारमा)

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष कायम बेरुजू(B) | सम्परीक्षणबाट कायम बेरुजू(C) | अध्याविधक बाँकी बेरुजू (D) (D=A+B+C) |
|---|---|---|---|
| ४५६९० | २५५४५ | ० | ७१२३५ |


https://nams.oag.gov.np